# स्नातक तहको नेपाली विषयको पाठ्यक्रम

**मध्यपश्चिमाञ्चल विश्वविद्यालय**

## मानविकी र सामाजिकशास्त्र सङ्काय

सुर्खेत

२०६९

परिमार्जन २०७८

**स्नातक तहका लागि**

**पाठ्यक्रम**

ऐच्छिक नेपाली

## स्नातक तहको
## ऐच्छिक नेपाली विषयको पाठ्यक्रम

यो पाठ्यक्रम स्नातक तहका विद्यार्थीहरूको विषयगत सक्षमता अभिवृद्धि गर्ने उद्देश्यमा केन्द्रित छ। तिनीहरूको सक्षमताको अभिवृद्धि सैद्धान्तिक ज्ञान मात्रले किमार्थ हुन सक्तैन । सिद्धान्तलाई प्रयोगमा ल्याउने क्षमताको विकासले मात्र तिनीहरूको व्यक्तित्वको सर्वोपरि विकास हुन सक्तछ। आजको २१ औं शताब्दीमा विश्व बजारमा ती विद्यार्थीहरूले प्रतिस्पर्धा गर्न सकेनन् भने त्यति धेरै समय, श्रम र पुंजी खर्च गरेर आर्जन गरेको ज्ञानको कुनै अर्थ र प्रयोजन रहादैन । अतः यस परिप्रेक्ष्यबाट आजको विश्वव्यापीकरणको युगमा दिइने शिक्षा प्रयोजित एवम् व्यवहारमुखी हुन सकोस् भन्ने ध्येयले प्रस्तुत पाठ्यक्रममा पाठ्यवस्तु लगायत शिक्षण तथा मूल्याङ्कन विधिमा समय सापेक्ष परिवर्तन ल्याउने काम भएको हुादा यस पाठ्यक्रम अन्तर्गतका पाठ्यांशहरू पढिसकेपछि विद्यार्थीहरू निम्न लिखित कुराहरूमा सक्षम हुने छन् :

१) साहित्यका विधाविशेषका सैद्धान्तिक तथा ऐतिहासिक आधार एवम् महत्त्व बताउन,
२) नेपाली साहित्यका विभिन्न विधाहरूको आस्वादन गरी निहित सौन्दर्यको मर्म पहिचान गर्न,
३) कृति विश्लेषणका निमित्त सही साहित्यिक मानदण्ड पत्ता लगाउन,
४) तुलनात्मक मूल्याङ्कन र विवेचनाद्वारा सिर्जना वा कृतिविशेषको स्तर र महत्त्व आंकलन गर्न,
५) सांस्कृतिक उत्तरदानका रूपमा समाजमा विद्यमान लोक साहित्यिक तथा भाषिक सम्पदाहरूमा गर्व गर्न र तिनको संरक्षण गर्न,
६) चलचित्र, पत्रकारिता र अनुवाद सम्बन्धी क्षेत्रमा समेत कार्य गर्न,
७) बाल-साहित्यको सिर्जनाका साथै मूल्याङ्कन गर्न, र
८) भाषा सिद्धान्तका आधारमा भाषा सम्बन्धी प्रायोगिक कार्य गर्न ।

यसरी यस पाठ्यक्रमलाई मूलतः विद्यार्थीकेन्द्री बनाउने लक्ष्य राखिएको छ । विद्यार्थीहरूको सिर्जनशीलतालाई तिनीहरूले आर्जन गरेको संज्ञानसँगसँगै अघि बढाएर तिनीहरूको मनोबल वा आत्मविश्वास अभिवृद्धि गर्ने दिशातर्फ यो पाठ्यक्रम उन्मुख छ । त्यसैले विद्यार्थीहरूबीच सामूहिक अन्तरक्रिया, क्षेत्रकार्य, परियोजना आदिलाई यसमा समावेश गरी प्रायोगिक पक्षलाई महत्त्व दिइएको छ ।

**पाठ्यक्रम**
**ऐच्छिक नेपाली**
**(स्नातक तहका लागि)**
**पाठ्यांश शीर्षकहरू**

| क्र.सं. | सेमेस्टर | कोड नं. | पाठ्यांश | क्रे.आ. | अङ्कभार |
|---|---|---|---|---|---|
| १ | एक | Eng. ४११ | Compulsory English I | ३ | |
| २ | एक | नेपाली ४१२ | व्यावहारिक नेपाली | ३ | |
| ३ | एक | नेपाली ४१३ | पूर्वआधुनिक नेपाली साहित्यको इतिहास | ३ | |
| ४ | एक | नेपाली ४१४ | कविता सिद्धान्त | ३ | |
| ५ | एक | नेपाली ४१५ | आधुनिक नेपाली कविताको इतिहास | ३ | |
| १ | दुई | Eng. ४२१ | Compulsory English II | ३ | |
| २ | दुई | नेपाली ४२२ | आधुनिक नेपाली कविताहरू | ३ | |
| ३ | दुई | नेपाली ४२३ | आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य | ३ | |
| ४ | दुई | नेपाली ४२४ | कथा सिद्धान्त | ३ | |
| ५ | दुई | नेपाली ४२५ | आधुनिक नेपाली कथाको इतिहास | ३ | |
| १ | तीन | नेपाली ४३१ | आधुनिक नेपाली कथाहरू | ३ | |
| २ | तीन | नेपाली ४३२ | उपन्यास सिद्धान्त | ३ | |
| ३ | तीन | नेपाली ४३३ | आधुनिक नेपाली उपन्यासको इतिहास | ३ | |
| ४ | तीन | नेपाली ४३४ | आधुनिक नेपाली उपन्यासहरू | ३ | |
| ५ | तीन | नेपाली ४३५ | नाटक सिद्धान्त | ३ | |
| १ | चार | नेपाली ४४१ | आधुनिक नेपाली नाटकको इतिहास | ३ | |
| २ | चार | नेपाली ४४२ | आधुनिक नेपाली नाटकहरू | ३ | |
| ३ | चार | नेपाली ४४३ | समालोचना सिद्धान्त | ३ | |
| ४ | चार | नेपाली ४४४ | आधुनिक नेपाली समालोचनाको इतिहास | ३ | |
| ५ | चार | नेपाली ४४५ | आधुनिक नेपाली समालोचनाहरू | ३ | |
| १ | पाँच | नेपाली ४५१ | निबन्ध सिद्धान्त | ३ | |
| २ | पाँच | नेपाली ४५२ | आधुनिक नेपाली निबन्धको इतिहास | ३ | |
| ३ | पाँच | नेपाली ४५३ | आधुनिक नेपाली निबन्धहरू | ३ | |
| ४ | पाँच | नेपाली ४५४ | पाश्चात्य साहित्य सिद्धान्त | ३ | |
| ५ | पाँच | नेपाली ४५५ | डायस्पोरा सिद्धान्त र नेपाली आप्रवासन साहित्य | ३ | |
| १ | छ | नेपाली ४६१ | लोकसाहित्यको सिद्धान्त | ३ | |
| २ | छ | नेपाली ४६२ | पूर्वीय साहित्य सिद्धान्त | ३ | |
| ३ | छ | नेपाली ४६३ | शोधविधि | ३ | |
| ४ | छ | नेपाली ४६४ | सिर्जनात्मक लेखन | ३ | |
| ५ | छ | नेपाली ४६५ | हास्यव्यङ्ग्य सिद्धान्त | ३ | |
| १ | सात | नेपाली ४७१ | बाल-साहित्यको सिद्धान्त र नेपाली बाल-साहित्यको इतिहास | ३ | |
| २ | सात | नेपाली ४७२ | नेपाली यात्रा साहित्य र जीवनी साहित्य | ३ | |
| ३ | सात | नेपाली ४७३ | नारीवादी साहित्य सिद्धान्त | ३ | |
| ४ | सात | नेपाली ४७४ | नेपाली लोकसाहित्यको विधागत परिचय | ३ | |
| ५ | सात | नेपाली ४७५ | नेपाली भाषा साहित्यका आन्दोलनहरू | ३ | |
| १ | आठ | नेपाली ४८१ | आधुनिक भाषाविज्ञान | ३ | |
| २ | आठ | नेपाली ४८२ | नेपाली भाषाको अध्ययन | ३ | |
| ३ | आठ | नेपाली ४८३ | नेपाली रङ्गमञ्च र चलचित्र सिद्धान्त | ३ | |
| ४ | आठ | नेपाली ४८४ | शोधकार्य | ६ | |
| | | | **जम्मा क्रे.आ.** | **१२०** | |

## सेमेस्टर- पहिलो

## C. Eng. 411: Compulsory English I

Credits: 3

**General Description**: This course introduces the students to the reading of Nepali society and culture through a novel. It also develops grammatical knowledge of the students. The grammar is intended to polish the "grey areas" of grammar.

**Course Objectives**:

**General Objective**: The general objective of the course is to make students familiar with psycho-social and economic reality of Nepali society through the reading of the prescribed novel. The course will also remove, to some extent, the grammatical confusions faced by the students at tertiary level.

**Specific Objective**: After the completion of this course, the students will be able to:

-Develop the understanding of Nepali society
- Develop an empathy with subaltern class
- Learn the literary representation of Nepali social setting
- understand the subtle semantic areas of English grammar
- identify errors committed in English grammar and take steps to remove them
- Improve their knowledge of English grammar
- Analyze grammatical structures

**Human Resource produced by the course**: The course will produce students who will become sensitive to the psycho-social economic reality of Nepali society, who will also develop an understanding of how the real life situation can be depicted through fiction. They will also be able to understand the push and pull factors of migration and displaced in Nepali Society.

The students studying this course will be fine-tuned to the subtle nuances of English grammar.

**Module: I** **16 hours**

*Muglan* by Govinda Raj Bhattarai (translated into English by Lekhnath S Pathak)

**Module: II** **16 hours**

Following units from *Cambridge Advanced English* by Leo Jones, Cambridge University Press:

That's show business
Put it in writing
The third age
Communication
The English speaking world

**Module: III** **16 hours**

Following units from *Cambridge Advanced English* by Leo Jones, Cambridge University Press:

Body and Mind
The natural world
Here is the news

Education
Science and technology

**Textbooks**

Govinda Raj Bhattarai- *Muglan*, Oriental Publication: Kathmandu, 2012 (English Translation by Lekhnath S Pathak)

Leo Jones- *Cambridge Advanced English*, Cambridge University Press: Cambridge (published in South Asia by Foundation Books, 1998)

**Instruction Methodology**

A variety of approaches, methods and techniques will be used to deliver the course. Some of them (but not limited to) will be as follows:

Lecture
Demonstration
Illustration
Project work
Individual and group work
Audio and/ or video
Use of modern information and communication technology

**Evaluation Techniques:**

The course will be evaluated both externally and internally to assess the knowledge and skill gained by the student during the semester using both formative and summative evaluation. The course will be evaluated as external evaluation based on the examination conducted by the university at the end of the semester which will carry a weightage of 60%. The internal evaluation will be done by the course instructor and the college/ campus throughout the semester where the course is delivered, which will carry 40% of weightage. Internal evaluation will be done on the following areas:

**Tests:** class/ weekly/ monthly/ quarterly
**Quiz(es)**
**Presentation(s)**
**Assignments**: individual and group reading and writing assignments
**Library and research work** (extensive reading and reviewing of articles/ papers in literary and linguistic journals/ magazines/ books on topics and themes related to this course and submitting as reports/ essays to the course instructor)
**Field work**

## नेपाली ४१२ : व्यावहारिक नेपाली

क्रे.आ. ३

### २. सामान्य उद्देश्य

यस पाठ्यांशका सामान्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) कथ्य र लेख्य नेपालीको स्वरूप पहिल्याई त्यसको मानक रूप प्रयोग गर्ने,

(ख) विभिन्न शैलीमा वाक्यकोटिपरक अनुच्छेद रचना गर्न र तिनको वाक्यान्तरण गर्न,

(ग) विभिन्न वाक्यमा व्यक्त छोटो सङ्कथनलाई एकल वाक्यमा संश्लेषण गर्न,

(घ) निर्धारित ढाँचामा विभिन्न प्रकृतिका पत्र रचना र व्यावहारिक लेखन सम्पन्न गर्न,

(ङ) विभिन्न विधाका फुटकर रचनाहरूको आस्वादनका आधारमा समीक्षा गर्न,

(च) निर्धारित साहित्यिक कृतिहरूको समीक्षात्मक टिप्पणी गर्न ।

### ३. पाठ्यवस्तुको विवरण

#### (क) पाठ्यवस्तुको विवरण

अ. एकाइ-१ : अक्षरीकरण र वर्णविन्यास- ०.४ क्रे.आ.

आ. एकाइ-२ : वाक्यकोटिपरक रचना र वाक्यान्तरण- ०.६ क्रे.आ.

इ. एकाइ-३ : वाक्यको परिचय, प्रकार र वाक्य संश्लेषण- ०.२ क्रे.आ.

ई. एकाइ-४ : पत्ररचना तथा व्यावहारिक लेखन- ०.३ क्रे.आ.

उ. एकाइ-५ : साहित्यिक रचनाहरूको आस्वादन- १.५ क्रे.आ.

#### (ख) पाठ्यांशको रूपरेखा

अ. एकाइ-१ : अक्षरीकरण र वर्णविन्यास

क. नेपाली शब्दको अक्षरीकरण

ख. नेपाली शब्दहरूको मानकीकृत वर्णविन्यास

ह्रस्व र दीर्घको प्रयोग, ऋ/रि को प्रयोग, ओ/व को प्रयोग, ब/व को प्रयोग, य/ए को प्रयोग, श/ष/स को प्रयोग, छे/छ्य/क्ष को प्रयोग, ज्ञ/ग्यँ को प्रयोग, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग, हलन्त र अजन्तको प्रयोग, पदयोग र पदवियोगको प्रयोग, लेख्य चिह्न को प्रयोग

आ. एकाइ-२ : वाक्यकोटिपरक रचना र वाक्यान्तरण

क. वाक्यकोटिपरक रचना : लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य र ध्रुवीयताका वाक्य ढाँचामा उपयुक्त सङ्गति मिलाएर वर्णनात्मक अनुच्छेदको रचना ।

ख. वाक्यान्तरण : लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य र कथन (प्रत्यक्ष, अप्रत्यक्ष) सित सम्बद्ध भई वर्णनात्मक अनुच्छेदहरूको पारस्पारिक वाक्यान्तरण ।

इ. एकाइ-३ : वाक्यको परिचय, प्रकार र वाक्य संश्लेषण

- सरल, मिश्र र संयुक्त वाक्य ।
- विभिन्न वाक्यमा व्यक्त छोटो वर्णनलाई संयोजक र असमापक क्रियाको प्रयोग गरी एकल वाक्यमा संश्लेषण ।

ई. एकाइ-४ : पत्ररचना तथा व्यावहारिक लेखन

क. पत्ररचना : चिठी (व्यावहारिक र व्यापारिक), निवेदन, सम्पादकलाई चिठी

ख. विज्ञापन लेखन

ग. शुभकामना, बधाई, श्रद्धाञ्जली/संवेदना

घ. व्यक्तिवृत्त/बायोडाटा

उ. एकाइ-५ : साहित्यिक रचनाहरूको आस्वादन

निम्नलिखित फुटकर साहित्यिक रचनाहरूको पठनका आधारमा आस्वादन र कथानक, शीर्षक, भाषा, विचार, चरित्र, शिल्प र शैलीका दृष्टिले समीक्षा

क. कविता/गीत/गजल

भूपी शेरचन : घुम्ने मेचमाथि अन्धो मान्छे (कविता)

वासुदेव पाण्डेय : नेपाली सौन्दर्य (कविता)

दुर्गालाल श्रेष्ठ : फूलको आँखामा फूलै संसार (गीत)

श्रेष्ठ प्रिया पत्थर : मानिस हामी रहने छैनौँ... (गजल)

ख. कथा

विश्वेश्वर प्रसाद कोइराला : पवित्रा

माया ठकुरी : साँघु तरेपछि

महेशविक्रम शाह : छापामारको छोरो

ग. निबन्ध

लक्ष्मीप्रसाद देवकोटा : के नेपाल सानो छ ?

भैरव अर्याल : अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन

डा. महेन्द्र कुमार मल्ल : सगरमाथाभैं अग्लो बन्नु छ

घ. एकाङ्की/नाटक

खोपीराम लम्साल : मातृभूमिको व्यथा

ङ. उपन्यास

पद्मावती सिंह : समानान्तर आकाश

## ४. शिक्षण प्रक्रिया

यो पाठ्यांश मुख्यतः विद्यार्थीहरूको भाषिक सिपको विकाससित सम्बन्धित भएकाले यसलाई अभ्यासमा केन्द्रित गरी सञ्चालन गरिनुपर्छ । यस क्रममा विभिन्न एकाइका पाठ्यवस्तुलाई निम्नानुसार शिक्षण गर्दा प्रभावकारी हुन्छ :

(क) एकाइ १ को शिक्षणका क्रममा कथ्य र लेख्य नेपालीको मानक रूपस“ग विद्यार्थीलाई परिचित गराउन शिक्षकले नेपाली उच्चार्य र लेख्य वर्णमा पाइने समानता र भिन्नता, शब्दहरूको अक्षरीकरण र मानकीकृत वर्णविन्यासको प्रदर्शन गर्ने, छलफल र प्रश्नोत्तर गराउने, स्पष्टीकरण दिने गर्नुका साथै अभ्यासमा जोड दिने ।

(ख) एकाइ २ को वाक्यकोटिपरक रचना र वाक्यान्तरणका लागि वाक्यकोटि अनुसार विभिन्न वाक्य ढाँचाका वर्णनात्मक रचना गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने र तिनलाई आवश्यकता अनुसार भिन्न-भिन्न वाक्य ढाँचामा वाक्यान्तरणसमेत गर्न लगाउने ।

(ग) एकाइ ३ का लागि असंश्लेषित वाक्यहरूमा वर्णित रचनाहरूलाई एकल वाक्यमा संश्लेषण गरी वाक्यान्तरण गर्ने अभ्यास गराउने जसले विद्यार्थीहरूको सङ्क्षेपीकरण गर्न सक्ने भाषिक कौशल बढाउने छ । उल्लिखित कार्यकलाप गराउँदा शिक्षकले पहिले कक्षामा उक्त रचना र तत्सम्बन्धी वाक्यान्तरणका केही नमुनाहरू प्रस्तुत गर्नुपर्छ ।

(घ) एकाइ ४ मा उल्लिखित पत्ररचना तथा व्यावहारिक कौशल बढाउन तत्सम्बन्धी अभिव्यक्तिहरूको कक्षामा नमुना प्रदर्शन गरी छलफल गराउने र त्यसपछि निर्धारित रचनाहरूका लागि विद्यार्थीहरूलाई सहज हुने शीर्षकहरूको छनोट गरी तिनलाई कक्षाकार्यका रूपमा र गृहकार्यका रूपमा बारम्बार अभ्यास गराउने ।

(ङ) एकाइ ५ को शिक्षण गर्दा विद्यार्थीहरूलाई निर्धारित विभिन्न विधाका साहित्यिक रचना पठन गर्न लगाई आस्वादन गराउने र आस्वादित रचनालाई अभिव्यक्त विषय, भाव, शीर्षक, पात्र/चरित्र, परिवेश, शैलीगत विशेषता आदिका आधारमा प्रतिक्रियात्मक टिप्पणी लेख्ने अभ्यास गराउने ।

## ५. मूल्याङ्कन

यस पाठ्यांशको मूल्याङ्कन विद्यार्थीहरूका निम्नलिखित कार्यबाट सम्पन्न गरिनेछ :

(क) कक्षा प्रस्तुति

(ख) कक्षाकार्य र सहभागिता

(ग) समस्या समाधान

(घ) परियोजना कार्य

(ङ) मध्यवर्ती परीक्षा

(च) सत्रान्त परीक्षा

## ६. सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६७), प्रयोगात्मक नेपाली व्याकरण, ललितपुर : साझा प्रकाशन ।

अनिवार्य नेपाली विषय समिति, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र (२०६६), अनिवार्य नेपाली शिक्षण निर्देशिका, ललितपुर : साझा प्रकाशन ।

........... (२०६९), नेपाली साहित्यिक रचना, ललितपुर : साझा प्रकाशन ।

आचार्य, व्रतराज र गौतम देवीप्रसाद (२०६१), विशेष नेपाली : प्रयोजनपरक बोध र लेखन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, खेमराज र जोशी खगेन्द्र (२०७०), साधारण नेपाली रचना, काठमाडौं : वेष्टर्न बुक पब्लिसिङ एण्ड प्रिन्टर्स प्रा.लि. ।

ठकुरी, माया (२०३९), साँघु तरेपछि, ललितपुर : साझा प्रकाशन ।

लम्साल, खोपीराम (२०७२), मातृभूमिको व्यथा, सुर्खेत : आस्था आशिष लम्साल ।

शर्मा, मोहनराज (२०५९), शब्द रचना, वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू, काठमाडौं : नवीन प्रकाशन ।

शेरचन, भूपी (२०२५), घुम्ने मेचमाथिको अन्धो मान्छे, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, प्रिया पत्थर (२०६७), ओभाएका छैनन् आँखा (गजल सङ्ग्रह), काठमाडौं : अनाम मण्डली ।

सिंह, पद्मावती (२०६२), समानान्तर आकाश, ललितपुर : साझा प्रकाशन ।

## नेपाली ४१३ : पूर्वआधुनिक नेपाली साहित्यको इतिहास

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) नेपाली साहित्यमा आधुनिक काल-पूर्वका परम्परा र प्रवृत्ति पहिचान गर्न,

ख) पूर्व-आधुनिक कालका प्रमुख स्रष्टाहरूका कृतित्त्वको मूल्याङ्कन गर्न,

ग) यस कालखण्डका विभिन्न धारा-उपधाराको ऐतिहासिकताको विश्लेषण गर्न, र

घ) समग्रमा नेपाली साहित्यको ऐतिहासिकताको विवेचना गर्न ।

### २. पाठ्यवस्तुहरूको विवरण :

क) **एकाइ विभाजन**

अ) एकाइ - १ : नेपाली साहित्यको पूर्व-पीठिका - क्रे.आ. ०.५

आ) एकाइ - २ : नेपाली साहित्यको प्रारम्भिक काल - क्रे.आ. १.५

इ) एकाइ - ३ : नेपाली साहित्यको माध्यमिक काल - क्रे.आ. १

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : नेपाली साहित्यको पूर्व-पीठिका

१) लेख्य परम्परा

क) प्राचीन अभिलेखहरू

ख) प्राचीन ग्रन्थहरू

२) मौखिक परम्परा : नेपाली लोकसाहित्य

आ) एकाइ - २ : नेपाली साहित्यको प्रारम्भिक काल

१) **वीरकाल :** युगीन पृष्ठभूमि, स्रष्टा तथा तिनका कृतिको पाठपरक अध्ययन, परम्परा, प्रवृत्ति र उपलब्धि

२) **भक्तिकाल :** (क) युगीन पृष्ठभूमि, स्रष्टा तथा तिनका कृतिको पाठपरक अध्ययन, परम्परा, प्रवृत्ति र उपलब्धि

(ख) सगुण तथा निर्गुण भक्ति साहित्यको परिचय

इ) एकाइ - ३ : नेपाली साहित्यको माध्यमिक काल

१) युगीन पृष्ठभूमि,

२) साहित्यिक पत्रकारिता र प्रकाशन कार्यको परम्परा,

३) साहित्यिक सङ्गठनका गतिविधि तथा भाषाको विकासका लागि भएका प्रयासहरू,

४) प्रमुख गद्यकारहरू र तिननका कृतिहरूको पाठपरक अध्ययन (नाटक, उपन्यास, निबन्ध, कथा, जीवनी र यात्रावृत्तान्त विधाका प्रमुख स्रष्टा र तिनका प्रवृत्तिको सर्वेक्षण),

५) प्रमुख पद्यकारहरू र तिनका कृतिहरूको पाठपरक अध्ययन (कविता, काव्य र गजल विधाका प्रमुख स्रष्टा र तिनका प्रवृत्तिको सर्वेक्षणात्मक मूल्याङ्कन)

## ३. शिक्षण विधि

क) कृति र कृतिकारको महत्त्व र योगदानलाई समय सापेक्ष कालक्रममा राखी विश्लेषण गर्ने ।

ख) महत्त्वपूर्ण कृतिका केही उद्धतांशहरू दिएर कृतिको ऐतिहासिकताको मूल्याङ्कन गर्ने ।

ग) समय-रेखा तालिका (Time line Table), चार्ट आदिको प्रयोग गर्ने ।

घ) कृति विशेषको समीक्षा गर्ने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

### क) पाठ्य पुस्तक

डा. चूडामणि बन्धु (सम्पा.) **नेपाली साहित्यको इतिहास** (प्रथम खण्ड), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

### ख) सन्दर्भ सामग्रीहरू

डा. केशवप्रसाद उपाध्याय, **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति,** साझा प्रकाशन, ललितपुर ।

डा. घनश्याम नेपाल, **नेपाली साहित्यको परिचयात्मक इतिहास,** जनपक्ष प्रकाशन, सिक्किम ।

ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा,** नेपाली विधा प्रकाशन, काठमाडौं ।

डा. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** संकल्प प्रकाशन, काठमाडौं ।

डा. दयाराम श्रेष्ठ, **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा,** पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., काठमाडौं ।

______ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** साझा प्रकाशन, ललितपुर ।

शरद्चन्द्र भट्टराई, **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल) पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., काठमाडौं ।

________ **माध्यमिक नेपाली गद्याख्यान,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

________ **प्राचीन गद्याख्यान,** साझा प्रकाशन, ललितपुर ।

## नेपाली ४१४ : कविता-सिद्धान्त

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) कविताको परिभाषा र स्वरूप पहिचान गर्न,

ख) कविताका तत्त्वहरू ठम्याई कविताको अध्ययनमा तिनको प्रयोग गर्न,

ग) कविताका प्रमुख भेदहरू पहिचान गर्न,

घ) कविताका भेदका आधारमा कविताको आस्वादन र विश्लेषण गर्न,

ङ) गीतगजलको परिभाषा र स्वरूप पहिचान गर्न, र

च) गीतगजलका तत्त्व पहिचान गरी विश्लेषणमा तिनको प्रयोग गर्न ।

### २. पाठ्यवस्तुहरूको विवरण

क) एकाइ विभाजन

- अ) एकाइ - १ : कविताका परिभाषा, स्वरूप र तत्त्वहरू - क्रे.आ. १
- आ) एकाइ - २ : कविताका भेदहरू - क्रे.आ. १
- इ) एकाइ - ३ : गीतगजलको सिद्धान्त - क्रे.आ. १

ख) पाठ्यांशको रूपरेखा

- अ) एकाइ १ : कविताका परिभाषा, स्वरूप र तत्त्वहरू
  - १) कविताको परिभाषा र स्वरूप
  - २) साहित्यका अन्य विधा र कविता
  - ३) कविताका तत्त्वहरू
- आ) एकाइ २ : कविताका भेदहरू
  - १) लघुतम कविता
  - २) लघु कविता
  - ३) खण्डकाव्य/लामो कविता
  - ४) महाकाव्य
- इ) इकाइ ३ : गीतगजलको सिद्धान्त
  - १) गीतगजलको परिभाषा र स्वरूप
  - २) कविता र गीतगजलमा भिन्नता
  - ३) गीतगजलका तत्त्वहरू

### ३. शिक्षण विधि

क) कविताका परिभाषा दिई मौलिक परिभाषा निर्माण गर्न लगाउने ।

ख) उदाहरणका रूपमा कुनै एउटा प्रतिनिधि कविता प्रस्तुत गरी त्यसका आधारमा कविताका तत्त्वहरू पहिचान गरी प्रस्तुत गर्न लगाउने र शिक्षकले पृष्ठपोषण दिने ।

ग) शिक्षकले विद्यार्थीसँगको छलफल र अन्तर्क्रियामा केन्द्रित रही व्याख्यान समेतका आधारमा कविताका तत्त्वको शिक्षण गर्ने ।

घ) कविता र लघुतम, लघु, खण्डकाव्य/लामो कविता तथा महाकाव्य समेतको उदाहरणका आधारमा कविताको भेद बताई विद्यार्थीलाई ती भेदहरू पहिचान गर्न लगाउने ।

ङ) कवितातत्त्व दिई ती तत्त्वका आधारमा समूह वा युगल रूपमा कविताको विश्लेषण गर्न लगाई कक्षा प्रस्तुतीकरण गर्न लगाउने ।

च) विभिन्न शीर्षकका आधारमा विद्यार्थीलाई कविता/गीत गजलका तत्त्व र भेदका विषयमा एक हजार शब्दसम्मको लेख तयार पार्न गृहकार्यका रूपमा दिने र मूल्याङ्कन गरिदिने ।

छ) अपेक्षाकृत सरल कविता/गीतगजलको विश्लेषण प्रक्रिया बताई समूहमा परियोजन-कार्य गर्न दिने र कक्षामा प्रस्तुत गर्न लगाउने ।

**४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू**

**क) पाठ्यपुस्तक**

रमेशप्रसाद भट्टराई, **कविता-सिद्धान्त ।**

**ख) सन्दर्भ सामग्रीहरू**


डा. कृष्णहरि बराल, **गीत : सिद्धान्त र इतिहास,** विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

डा. घनश्याम न्यौपाने, 'परिश्रमी' **गजल : सौन्दर्य मीमांसा,** सङ्गम बुक्स पब्लिकेसन प्रा.लि., काठमाडौं ।

देवी पन्थी, **गजल : सिद्धान्त र समालोचना,** विविध वाङ्मय प्रकाशन ।

मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन, काठमाडौं ।

## नेपाली ४१५ : आधुनिक नेपाली कविताको इतिहास

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) नेपाली कविता परम्परामा आधुनिकताको पृष्ठभूमि पहिल्याउन,

ख) आधुनिक नेपाली कविता परम्पराका प्रमुख धारा, उपधारा वा चरणहरूका प्रवृत्तिको विश्लेषण गर्न, र

ग) प्रमुख स्रष्टा, तिनका प्रवृत्ति र योगदानको विवेचना गर्न ।

### २. पाठ्यवस्तुको विवरण

**क) एकाइ विभाजन**

अ) एकाइ-१: नेपाली कवितामा आधुनिकताको थालनीको पृष्ठभूमि - क्रे.आ. १

आ) एकाइ-२: स्वच्छन्दतावादी र प्रगतिशील धारा : परम्परा र प्रवृत्ति - क्रे.आ. १

इ) एकाइ-३: प्रयोगवादी र समसामयिक धारा : परम्परा र प्रवृत्ति - क्रे.आ. १

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : नेपाली कवितामा आधुनिकताको थालनी र पृष्ठभूमि

१) नेपाली कविताका सन्दर्भमा आधुनिकताको अर्थ र सन्दर्भ

२) परिष्कारवादी धारामा आधुनिकताका अभिलक्षणहरू

आ) एकाइ - २ : स्वच्छन्दतावादी र प्रगतिशील धारा : परम्परा र प्रवृत्ति

१) आधुनिक नेपाली कविताको चरण विभाजन

२) स्वच्छन्दतावादी धारा

३) प्रगतिशील धारा

इ) इकाइ - ३ : प्रयोगवादी र समसामयिक धारा

### ३. शिक्षण विधि

क) शिक्षकले विद्यार्थीलाई व्याख्यान तथा पाठपत्र र पुस्तकालयको प्रयोग गरी कविताको इतिहास सम्बन्धी विभिन्न शीर्षकमा खोजकार्य गर्न लगाई समूह तथा व्यक्तिगत रूपमा कक्षागत प्रस्तुति गर्न लगाउने ।

ख) नेपालको ऐतिहासिक सन्दर्भका आधारमा कविता लेखनमा त्यसको प्रभावको खोजी गर्नका लागि ऐतिहासिक सामग्रीको सङ्कलन गरी समूह कार्य वा युगल (युग्म) कार्य गर्न लगाउने ।

ग) आवश्यक सामग्रीहरूको टिपोट गराई विद्यार्थीलाई परियोजना कार्य दिएर कक्षामा प्रस्तुत गर्न लगाउने र यसलाई आन्तरिक मूल्याङ्कनको आधार बनाउने ।

घ) समय रेखा तालिका बनाई प्रत्येक चरणको ऐतिहासिक विकासक्रम स्पष्ट पार्ने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

### क) पाठ्यपुस्तक

डा. रामप्रसाद ज्ञवाली (सम्पा.), **आधुनिक नेपाली कविताको इतिहास ।**

### ख) सन्दर्भ सामग्रीहरू


डा. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** सङ्कल्प प्रकाशन, काठमाडौं ।

डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** साझा प्रकाशन, ललितपुर ।

रमेश श्रेष्ठ, **नेपाली कविताको प्रवृत्ति,** साझा प्रकाशन, ललितपुर ।

डा. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** साझा प्रकाशन, ललितपुर ।

राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम (सम्पा.) **रत्न बृहत् नेपाली समालोचना,** रत्न पुस्तक भण्डार, काठमाडौं ।

## सेमेस्टर-दोस्रो

## C. Eng. 421: Compulsory English II

**Credits: 3**

**General Description**: This course introduces students to the different language skills of listening, speaking, reading, writing, study skills and basic concept of research proposal and report writing. On studying this course, the students will be able to perform basic language skills required in daily life.

**Course Objectives**:

**General Objective**: The course is designed to develop four skills of language- listening, speaking, reading and writing skills and associated sub-skills among students. They will be able to face and overcome basic language related problems.

**Specific Objectives**: After the completion of the course, the students will be able to:

- Acquire phonetic aspects of listening and become acquainted with problems associated with listening and learn to improve listening skills
- Develop skills related with speaking and perform speaking related tasks
- Become familiar with mechanics of improving their reading skills
- Enhance study skills by learning to focus on the language aspects to sharpen this skill
- Perform different kinds of writing tasks and prepare documents required in day to day life transactions
- Become familiar with the basic concepts of research proposal and report

**Profile of the students**: The students who have used different language skills will better their existing skills. They will be able to use language for various practical purposes in their daily lives.

**Module I** **16 hours**

**Listening and Speaking Skills**

**Listening skills:** Hearing and listening, phonetic features of listening, purpose of listening, benefits to listening, guidelines for improving listening skills.

**Speaking skills**: English sound system, accentual pattern of words and sentences, effective speech, the art of conversation, debate, group discussion.

**Module II** **16 hours**

**Study and Reading Skills**

**Study skills:** dictionary and its use, prepositions and phrasal verbs, vocabulary extension, effective use of words, effective use of sentences, learning spellings, punctuation, common errors in English.

**Reading skills:** Introduction to reading skills, mechanics of reading, types of reading, reading speed

**Module III** **16 hours**

**Writing and Business Communication Skills**

**Writing skills:** Paraphrase writing and precise writing, note-making and summary writing, paragraph writing, writing an essay

**Writing a Research Proposal and Report**: Contents of a research proposal and writing a research report

**Business communication:** Structure and style of business correspondence, various types of letters, and job application

**Prescribed Textbooks**

*English Language Skills* by Aruna Koneru, Tata McGraw Hill Pvt. Ltd. New Delhi, 2011.

*Research Methodology- A Step-by-Step Guide for Beginners* ($2^{nd}$ edition) by Ranjit Kumar, Pearson Education, Dorling Kindersley (India) Pvt.Ltd., 2014.

**Instructional Methodology**

A variety of approaches, methods and techniques will be used to deliver the course. Some of them (but not limited to will be as follows:

Lecturer
Demonstration
Illustration
Project Work
Individual and Group work
Audio and / Video
Use of Modern Information and Communication Technology

**Evaluation Techniques:**

The course will be evaluated both externally and internally to assess the knowledge and skill gained by the student during the semester using both formative and summative evaluation. The course will be evaluated as external evaluation based on the examination conducted by the university at the end of the semester which will carry a weightage of 60%. The internal evaluation will be done by the course instructor and the college/campus throughout the semester where the course is delivered, which will carry 40% of the weightage. The internal evaluation will be done on the following areas.

**Tests:** Class/Weekly/Monthly/Quarterly
**Quiz(es)**
**Presentations(s)**
**Assignments**: Individual and group reading and writing assignments
Library and research work (extensive reading and reviewing of articles/papers in literary and linguistic journal/magazines/books on topics and themes related to this course and submitting as reports/essays to the course instructor)
Field work

## नेपाली ४२२ : आधुनिक नेपाली कविताहरू

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) केही प्रमुख आधुनिक कविता र गीतगजलहरूको आस्वादन गर्न, र

ख) प्रमुख स्रष्टाहरूका प्रवृत्तिको विश्लेषणका साथै योगदानको मूल्याङ्कन गर्न ।

### २. पाठ्यवस्तुको विवरण

#### क) एकाइ विभाजन

अ)एकाइ-१:लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र माधवप्रसाद घिमिरेका कविताहरू-क्रे.आ. १

आ)एकाइ-२ : गोपालप्रसाद रिमाल, भूपी शेरचन र मोहन कोइरालाका कविताहरू - क्रे.आ. १

इ)एकाइ -३ : रामचन्द्र भट्टराई र बूँद रानाका कविताहरू - क्रे.आ. १

#### ख) पाठ्यांशको रूपरेखा

अ) एकाइ-१: निम्न लिखित कविहरूको सङ्क्षिप्त परिचय, प्रवृत्ति र तिनका कविताहरूको विवेचना :

१) लक्ष्मीप्रसाद देवकोटा : **पागल**

२) सिद्धिचरण श्रेष्ठ : **परिचय**

३) माधवप्रसाद घिमिरे : **मानिस जस्तो अमर मैले देखिन ?**

आ) एकाइ - २ : निम्न लिखित कविको संक्षिप्त परिचय, प्रवृत्ति र तिनका कविताको विवेचना:

१) गोपालप्रसाद रिमाल : **आमाको सपना**

२) भूपी शेरचन : **मैनबत्तीको शिखा**

३) मोहन कोइराला : **सारङ्गी**

इ) इकाइ - ३ : निम्न लिखित कविको संक्षिप्त परिचय, प्रवृत्ति र कविताको विवेचना :

१) रामचन्द्र भट्टराई : **शरीर**

२) बूँद राना : **मलाई प्यारो**

### ३. शिक्षण विधि

क) शिक्षकले कविका बारेमा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने तथा विद्यार्थीबाट प्राप्त सूचना समेतलाई समेट्दै शिक्षकले कविको सङ्क्षिप्त परिचय दिने ।

ख) कवितातत्त्वका आधारमा कविताको विश्लेषण गर्नका निम्ति समूह विभाजन गरी कविताको विश्लेषण गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले उक्त प्रस्तुतिका बारेमा आवश्यक पृष्ठपोषण गर्ने ।

ग) कविता तत्त्वका आधारमा शिक्षकले कविताका पङ्क्तिको उदाहरण सहित कविताको विश्लेषण प्रस्तुत गरिदिने ।

घ) कविताको अध्ययन गरी भावधाराका आधारमा कविताको विश्लेषण गर्न गृहकार्य दिने र शिक्षकले मूल्याङ्कन गरिदिने ।

ङ) पाठ्यांशमा समावेश भएका कविताहरूका अन्य एक-एक कविता खोजी कविता तत्त्वका आधारमा तिनको समीक्षा परियोजना कार्यका रूपमा गर्न लगाई मूल्याङ्कन गर्ने ।

## ४. पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू

### क) पाठ्यपुस्तक

डा. दयाराम श्रेष्ठ र अरु (सम्पा.) **स्नातक कविता सञ्चय ।**

### ख) सन्दर्भ सामग्रीहरू

डा. अभि सुवेदी र अरु (सम्पा.), **समकालीन नेपाली कविता,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

डा. ईश्वर बराल (सम्पा.), **हिमालचुली,** साझा प्रकाशन, ललितपुर ।

डा. तारानाथ शर्मा, **भानुभक्तदेखि तेस्रो आयामसम्म,** साझा प्रकाशन, ललितपुर ।

रमेश श्रेष्ठ, **नेपाली कविताको प्रवृत्ति,** साझा प्रकाशन, ललितपुर ।

डा. वासुदेव त्रिपाठी, "भूमिका", **आधुनिक नेपाली कविता,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

## नेपाली ४२३ : आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) केही आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यहरूहरूको आस्वादन गर्न,

ख) खण्डकाव्य र महाकाव्यको सैद्धान्तिक विवेचना गर्न, र

ग) केही स्रष्टाहरूका प्रवृत्ति र योगदानको विश्लेषण र मूल्याङ्कन गर्न ।

### २. पाठ्यावस्तुहरूको विवरण :

क) **एकाइ विभाजन**

अ) एकाइ - १ : खण्डकाव्य र महाकाव्य-सिद्धान्त - क्रे.आ. १

आ) एकाइ - २ : आधुनिक नेपाली खण्डकाव्य - क्रे.आ. १

इ) एकाइ - ३ : आधुनिक नेपाली महाकाव्य - क्रे.आ. १

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : खण्डकाव्य र महाकाव्य-सिद्धान्त

१) खण्डकाव्यको परिभाषा र स्वरूप

२) खण्डकाव्यका तत्त्वहरू

३) महाकाव्यको परिभाषा र स्वरूप

४) महाकाव्यका तत्त्वहरू

आ) एकाइ - २ : आधुनिक नेपाली खण्डकाव्य

निम्न लिखित खण्डकाव्यकारको सङ्क्षिप्त परिचय, प्रवृत्ति र तिनका खण्डकाव्यको विवेचना :

१) दिनेश अधिकारी : **इन्द्रजात्रा**

२) कृष्णसेन इच्छुक : **बन्दी र चन्द्रागिरी**

इ) एकाइ - ३ : निम्न लिखित महाकाव्यकारको सङ्क्षिप्त परिचय, प्रवृत्ति र तिनका खण्डकाव्यको विवेचना :

१) लक्ष्मीप्रसाद देवकोटा : **सुलोचना**

२) भानुभक्त पोखरेल : **जागृति राग**

### ३. शिक्षण विधि

क) शिक्षकले खण्डकाव्यकार र महाकाव्यकारका बारेमा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गरी विद्यार्थीबाट प्राप्त सूचनालाई पनि समेट्दै खण्डकाव्यकार तथा महाकाव्यकारको सङ्क्षिप्त परिचय दिने ।

ख) विधातत्त्वका आधारमा पाठको विश्लेषण गर्नका निम्ति समूह विभाजन गरी विश्लेषण एवं प्रस्तुति गर्न लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण गर्ने ।

ग) पाठ्यसामग्रीका आधारमा पाठको अध्ययन गरी भावधाराका आधारमा विश्लेषण गर्न गृहकार्य दिने र शिक्षकले मूल्याङ्कन गर्ने ।

घ) पाठको अध्ययन गरी विधातत्त्वका आधारमा समीक्षा प्रस्तुत गर्ने गरी परियोजना कार्य गर्न लगाउने र शिक्षकले आवश्यक मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

### क) पाठ्य पुस्तक

डा. दयाराम श्रेष्ठ र अरु (सम्पा.), **स्नातक काव्य-सञ्चय ।**

लक्ष्मीप्रसाद देवकोटा, **सुलोचना,** साझा प्रकाशन, ललितपुर ।

भानुभक्त पोखरेल, **जागृति राग,** लेखक स्वयम्, विराटनगर ।

### ख) सन्दर्भ सामग्रीहरू


डा. कुमारबहादुर जोशी, **देवकोटाका प्रमुख कविताकृतिहरूको कालक्रमिक विवेचना,** सिद्धार्थ वनस्थली परिषद्, काठमाडौं ।

कृष्ण गौतम, **पाश्चात्य महाकाव्य,** भाडीपुराण प्रकाशन, काठमाडौं ।

__________ **प्राच्य महाकाव्य,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

कृष्णचन्द्रसिंह प्रधान (सम्पा.) **साझा समालोचना,** साझा प्रकाशन, ललितपुर ।

डा. कृष्णराज अधिकारी, **महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य,** गण्डकी साहित्य सङ्गम, पोखरा ।

राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम (सम्पा.) **रत्न बृहत् नेपाली समालोचना,** रत्न पुस्तक भण्डार, काठमाडौं ।

डा. रामप्रसाद ज्ञवाली, **महाकाव्य सिद्धान्त र नेपाली प्रयोग,** ऐरावती प्रकाशन, काठमाडौं ।

राममणि रिसाल, **नेपाली काव्य र कवि,** साझा प्रकाशन, ललितपुर ।

डा. महादेव, अवस्थी, आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, २०६४, इन्टेलेक्चुअल्ज बुक प्यालेस, काठमाडौं ।

## नेपाली ४२४ : कथा-सिद्धान्त

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) आधुनिक कथाका अवधारणा र मान्यताबारे बताउन,

ख) कथाको रचना विधानअन्तर्गत नियामक तत्त्वहरू पहिचान गर्न, र

ग) आधुनिक कथाको विश्लेषण गर्ने आधार प्राप्त गर्न ।

### २. पाठ्यवस्तुहरूको विवरण

क) एकाइ विभाजन

अ) एकाइ - १ : कथाको सैद्धान्तिक पृष्ठाधार - क्रे.आ. १.५

आ) एकाइ - २ : कथाको रचना-विधान - क्रे.आ. १.५

ख) पाठ्यांशको रूपरेखा

अ) एकाइ १ : कथाको सैद्धान्तिक पृष्ठधार

१) आधुनिक कथाको जन्मको पृष्ठभूमि

२) कथाका परिभाषाहरू

३) कथाको स्वरूप

आ) एकाइ २ : कथाको रचना-विधान

१) रचना-विधानको अवधारणा र मान्यता

२) कथाको संरचना : कथावस्तु, पात्र, दृष्टिविन्दु र सारवस्तु

३) कथाको रूपविन्यास : संवृत र विवृत

### ३. शिक्षण विधि

क) कुनै दुई वा तीन आधुनिक नेपाली कथालाई मानक मानी परिभाषा प्रयोग गरिदिने ।

ख) तिनै कथाहरूका संरचना र रूपविन्यास पक्षलाई प्रयोग गरेर विश्लेषण गरिदिने । यसका लागि कथा विश्लेषण गर्ने तालिकाको पनि प्रयोग गर्न सकिन्छ ।

### ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

**क) पाठ्यपुस्तक**

डा. दयाराम श्रेष्ठ, **अभिनव कथाशास्त्र,** पालुवा प्रकाशन, काठमाडौं ।

**ख) सन्दर्भ सामग्रीहरू**

डा. ईश्वर बराल (सम्पा.) **झ्यालबाट,** साझा प्रकाशन, ललितपुर ।

डा. कृष्णहरि बराल, **कथा सिद्धान्त,** एकता बुक्स, काठमाडौं ।

डा. गोपीन्द्र पौडेल, **कथाको सौन्दर्यशास्त्र,** उर्मिला पौडेल, काठमाडौं ।

डा. परशुराम पौडेल, **कथाको रूपविन्यास : सिद्धान्त र विवेचना,** बुद्ध एकेडेमिक पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि., काठमाडौं ।

डा. मोहन हिमांशु थापा, **साहित्य परिचय,** साझा प्रकाशन, काठमाडौं ।

राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम (सम्पा.) **रत्न बृहत् नेपाली समालोचना** (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार, काठमाडौं ।

डा. हरिप्रसाद पराजुली, **कथाको सिद्धान्त र विवेचना,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

## नेपाली ४२५ : आधुनिक नेपाली कथाको इतिहास

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) आधुनिक नेपाली कथाको थालनीको पृष्ठभूमि पहिल्याउन,

ख) आधुनिक नेपाली कथाका सबै चरणहरूका प्रवृत्तिको पहिचान गर्न, र

ग) प्रमुख आधुनिक कथाकारका प्रवृत्ति तथा योगदानको विश्लेषण र मूल्याङ्कन गर्न ।

### २. पाठ्यवस्तुहरूको विवरण

**क) एकाइ विभाजन**

अ) एकाइ - १ : आधुनिक नेपाली कथाको थालनीको पृष्ठभूमि - क्रे.आ. ०.५

आ) एकाइ - २ : यथार्थवादको युग र नवचेतनाको युग : परम्परा र प्रवृत्ति - क्रे.आ. १.५

इ) एकाइ - ३ : परावर्तनको युग र समसामयिक धारा : परम्परा र प्रवृत्ति - क्रे.आ. १.०

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : आधुनिक नेपाली कथाको थालनीको पृष्ठभूमि

१) आधुनिकताको सापेक्षिक अर्थ र तात्पर्य

२) **गोरखापत्र** र **गोर्खा संसार** पत्रिकाहरूमा प्रकाशित कथाहरूमा सामाजिक चेतको अभिव्यक्ति, र

३) सं. १९९० को दशकका कथाहरूमा आधुनिकताको चेतना

आ) एकाइ - २ : यथार्थवादको युग र नव-चेतनाको युग : परम्परा र प्रवृत्ति

१) आधुनिक नेपाली कथाको चरण विभाजन

२) यथार्थवादको युग

३) नवचेतनाको युग

इ) इकाइ - ३ : परिवर्तनको युग र समसामयिक धारा

१) परावर्तनको युग

२) समसामयिक धारा

### ३. शिक्षण विधि

क) समय-रेखा तालिकालाई आधार बनाएर प्रत्येक चरणको ऐतिहासिक विकास क्रम स्पष्ट पार्ने ।

ख) कथाको रचना विधानका आधारमा स्रष्टाका समग्र कृतिहरूको विवेचना र विश्लेषण गरी प्रवृत्ति निर्धारण गर्ने ।

### ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

**क) पाठ्यपुस्तक**

डा. दयाराम श्रेष्ठ, **नेपाली कथा र कथाकार,** नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

**ख) सन्दर्भ सामग्रीहरू**

डा. ईश्वर बराल (सम्पा.) **झ्यालबाट,** साझा प्रकाशन, ललितपुर ।

निनु, रामहरि पौडेल र रुद्र खरेल (सम्पा.) **प्रतिनिधि नेपाली कथाहरू,** स्रष्टा प्रकाशन, काठमाडौं ।

मोहनराज शर्मा, **कथाको विकास प्रक्रिया,** साझा प्रकाशन, ललितपुर ।

_______ र राजेन्द्र सुवेदी (सम्पा.) **समसामयिक नेपाली कथा,** साझा प्रकाशन, ललितपुर ।

रत्नध्वज जोशी, **नेपाली कथाको कथा,** साझा प्रकाशन, ललितपुर ।

डा. लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी, **नेपाली कथाको इतिहास,** नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

सनत रेग्मी र भाउपन्थी (सम्पा.) **कथा विमर्श,** नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

## सेमेस्टर : तेस्रो

## नेपाली ४३१ : आधुनिक नेपाली कथाहरू

क्र.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) केही आधुनिक नेपाली कथाहरूको आस्वादन गर्न, र

ख) केही प्रमुख स्रष्टाहरूको प्रवृत्तिको विश्लेषणका साथै योगदानको मूल्याङ्कन गर्न ।

**२. पाठ्यवस्तुको विवरण**

**क) एकाइ विभाजन**

अ) एकाइ - १ : कथाकार विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु र रमेश विकलको संक्षिप्त परिचय, प्रवृत्ति र तिनका कथाहरू - क्रे.आ. १

आ) एकाइ - २ : कथाकार ध्रुवचन्द्र गौतम, मनु ब्राजाकी, पारिजात, सनत रेग्मी र परशु प्रधानको संक्षिप्त परिचय, प्रवृत्ति र तिनका कथाहरू - क्रे.आ. १

इ) एकाइ - ३ : महेश विक्रम शाह र कुमार नगरकोटीको संक्षिप्त परिचय, प्रवृत्ति र तिनका कथाहरू - क्रे.आ. १

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : निम्न लिखित कथाकारहरूको संक्षिप्त परिचय, प्रवृत्ति र कथाहरू :

१) विश्वेश्वरप्रसाद कोइराला : **पवित्रा**

२) भवानी भिक्षु : **सावित्रीको बाखो**

३) रमेश विकल : **चर्किएको घर**

आ) एकाइ - २ : निम्न लिखित कथाकारहरूका संक्षिप्त परिचय, प्रवृत्ति र कथाहरू :

१) परशु प्रधान : **अहिले लहर चुपचाप बग्छ**

२) मनु ब्राजाकी : **कान्छी, तँ भित्र जा**

३) सनत रेग्मी : **फूलमतिया**

इ) इकाइ - ३ : निम्न लिखित कथाकारहरूका संक्षिप्त परिचय, प्रवृत्ति र कथाहरू :

१) महेश विक्रम शाह : **गाउँमा गीतहरू गुन्जिदैनन्**

२) कुमार नगरकोटी : **पृथ्वी**

**३. शिक्षण विधि**

क) कथाका संरचनागत र रूपविन्यासगत सौन्दर्य छुट्याउन लगाई प्रत्येकको पहिचान गर्न लगाउने ।

ख) कथाको कुनै महत्त्वपूर्ण अंश उद्धृत गरी त्यसको (१) पूर्व प्रसङ्ग (२) आशय र (३) रूपविन्यासगत वैशिष्ट्यको विश्लेषण गर्न लगाउने,

ग) सम्बन्धित कथाकारको अर्को कुनै कथा खोज्न लगाई त्यसको समीक्षा (Review) गर्न लगाउने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

### क) पाठ्यपुस्तक

डा. दयाराम श्रेष्ठ र अरु (सम्पा.) **स्नातक कथा-सञ्चय ।**

### ख) सन्दर्भ सामग्रीहरू


अनमोलमणि (सम्पा.) **आजका नेपाली कथा,** बी.एन. पुस्तक संसार प्रा.लि., काठमाडौं ।

डा. ईश्वर बराल (सम्पा.) **झ्यालबाट,** साझा प्रकाशन, ललितपुर ।

राजेन्द्र पराजुली (सम्पा.) **प्रतिनिधि नेपाली कथा र आत्मटिप्पणी,** तन्नेरी द्वैमासिकका लागि विदुर गौतम, काठमाडौं ।

डा. लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी, **नेपाली कथाको इतिहास,** नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

सनत रेग्मी तथा भाउपन्थी (सम्पा.) **कथा विमर्श,** नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

## नेपाली ४३२ : उपन्यास सिद्धान्त

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) उपन्यासको विधागत स्वरूप पहिचान गर्न,

ख) उपन्यासका तत्त्व र प्रकार पहिचान गरी उपन्यास विश्लेषणमा तिनको प्रयोग गर्न,

ग) उपन्यासको विधागत इतिहासको परिचय दिन, र

घ) उपन्यास सिद्धान्तका आधारमा उपन्यासको विवेचना गर्न ।

**२. पाठ्यवस्तुहरूको विवरण :**

क) **एकाइ विभाजन**

अ) एकाइ - १ : उपन्यासको विधागत स्वरूप - क्रे.आ. १

आ) एकाइ - २ : उपन्यासका तत्त्व र प्रकार - क्रे.आ. १

इ) एकाइ - ३ : उपन्यास विधाको इतिहास - क्रे.आ. १

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : उपन्यासको विधागत स्वरूप

१) उपन्यासको परिभाषा र परिचय

२) उपन्यास र अन्य विधा

३) अन्य विधाका सांपेक्षतामा उपन्यासको स्वरूप

आ) एकाइ - २ : उपन्यासका तत्त्व र प्रकार

१) उपन्यासका तत्त्वहरू

२) उपन्यासका प्रकार

इ) एकाइ - ३ : उपन्यास विधाको इतिहास

१) उपन्यासको जन्म

२) मध्यकालीन रोमान्स

३) पुनर्जागरणकालीन उपन्यास

४) अठारौं शताब्दी

५) उन्नाइसौं शताब्दी : स्वच्छन्दतावादी उपन्यास

६) उन्नाइसौं शताब्दी : यथार्थवादी एवम् प्रकृतवादी उपन्यास

७) बिसौं शताब्दी : उपन्यासमा आधुनिकतावाद

८) बिसौ. शताब्दी : उपन्यासमा उत्तरआधुनिकतावाद

९) उपन्यासको भविष्य

## ३. शिक्षण विधि

क) उपन्यासको विधागत तत्त्वका आधारमा कुनै अनौपचारिक कृतिको विश्लेषण गराउने ।

ख) उपन्यासहरू (पुराना तथा नयाा) पढ्न लगाएर तिनका प्रकार (सामाजिक, मनोवैज्ञानिक, प्रगतिवादी आदि) निर्धारण गर्न लगाउने ।

ग) उपन्यास र अन्य कुनै विधा (जीवनी नाटक आदि) का बीचको अन्तरबारे कक्षा छलफल गराउने ।

घ) कुनै नवीनतम उपन्यास पढ्न लगाएर त्यसको समीक्षा (पुस्तक पुनरावलोकन) गर्न लगाउने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

### क) पाठ्य पुस्तक

रमेशप्रसाद भट्टराई, **उपन्यास सिद्धान्त ।**

### ख) सन्दर्भ सामग्रीहरू

डा. ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र,** साझा प्रकाशन, ललितपुर ।

कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** साझा प्रकाशन, ललितपुर ।

डा. कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** साझा प्रकाशन, ललितपुर ।

डा. रमा सिवाकोटी, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,** भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाडौं ।

राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम (सम्पा.) **रत्न बृहत् नेपाली समालोचना** (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार, काठमाडौं ।

## नेपाली ४३३ : आधुनिक नेपाली उपन्यासको इतिहास

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) आधुनिक नेपाली उपन्यासको कालक्रमिक रेखाङ्कन प्रस्तुत गर्न,

ख) आधुनिक नेपाली उपन्यासको धारागत प्रवृत्ति पहिचान गरी प्रमुख प्रवृत्ति र उपलब्धिको वर्णन गर्न, र

ग) कुनै उपन्यास पढी धारागत प्रवृत्ति निरूपण गर्न ।

**२. पाठ्यवस्तुहरूको विवरण**

क) एकाइ विभाजन

अ) एकाइ-१ : आधुनिक उपन्यासको कालक्रमिक रेखाङ्कन - क्रे.आ. १

आ) एकाइ-२ : आधुनिक उपन्यासको धारागत प्रवृत्ति - क्रे.आ. १

इ) एकाइ-३ : आधुनिक उपन्यासको धारागत प्रवृत्तिको निरूपण - क्रे.आ. १

Jeseph Gibalchi, **MLA Handbook for Writers of Research Paper,** Affiliated East-West Press Pvt. Ltd., New Delhi.

Nav R. Kanel. **Guideliness to Format Thesis and Dissertation,** New Hira Books Enterprises, Kathmandu.

Pat Cryer, **The Research Student's Guide to Success,** Viva Books Pvt. Ltd., New Delhi.

Ranjit Kumar. **Research Methodology.** SAGT Publishations, London.

## नेपाली ४६४ : सिर्जनात्मक लेखन

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) सिर्जनात्मक लेखनको परिचय बताउन,

ख) सिर्जनात्मक लेखनका विशेषताहरूको वर्णन गर्न,

ग) सिर्जनात्मक लेखनका प्रमुख विधा पहिचान गरी तिनको परिचय दिन,

घ) सिर्जनात्मक लेखनको स्वरूपका आधारमा साहित्यका विभिन्न विधाहरूको प्रक्रिया बोध गरी रचना गर्न, र

ङ) सिर्जनात्मक लेखनका चरण पत्ता लगाई सिर्जनात्मक लेखन सम्पन्न गर्न ।

**२. पाठ्यवस्तुहरूको विवरण**

**क) एकाइ विभाजन**

अ) एकाइ - १ : सिर्जनात्मक लेखनको परिचय र विशेषता - क्रे.आ. ०.५

आ) एकाइ - २ : सिर्जनात्मक लेखनका विधाहरू - क्रे.आ. १

इ) एकाइ - ३ : सिर्जनात्मक लेखनको विधागत प्रक्रिया - क्रे.आ. १

ई) एकाइ - ४ : सिर्जनात्मक लेखनका चरणहरू र लेखन - क्रे.आ. ०.५

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : सिर्जनात्मक लेखनको परिचय र विशेषता

१) सिर्जनात्मक लेखनको परिचय

२) सिर्जनात्मक लेखनको महत्त्व

३) सिर्जनात्मक लेखनका विशेषता

आ) एकाइ - २ : सिर्जनात्मक लेखनका विधाहरू

१) सिर्जनात्मक लेखनका विधाहरूको परिचय

२) सिर्जनात्मक लेखनका विधा

क) कविता/काव्य

ख) कथा

ग) उपन्यास

घ) नाटक

ङ) निबन्ध

च) आख्यानेतर अन्य विधाका रूपहरू

अ) संस्मरण

आ) नियात्रा

इ) शब्दचित्र

ई) रिपोर्ताज

इ) एकाइ - ३ : सिर्जनात्मक लेखनको विधागत लेखनका प्रक्रियाहरू

१) कविता लेखन

क) कविता लेखनका चरणहरू

अ) विषयवस्तुको चयन

आ) शैलीको चयन

इ) बिम्बादिको चयन

ई) कविता लेखन

उ) कविताको परिमार्जन र पुनर्लेखन

ऊ) अन्तिम लेखन

ए) सम्पादन

ऐ) प्रकाशन

२) कथा लेखन

क) कथा लेखनका चरणहरू

अ) विषयवस्तुको चयन

आ) चरित्र र परिवेशको निर्धारण

इ) भाषाशैलीको चयन

ई) कथा लेखन

उ) कथाको परिमार्जन र पुनर्लेखन

ऊ) अन्तिम लेखन

ए) सम्पादन

ऐ) प्रकाशन

३) उपन्यास लेखन

क) उपन्यास लेखनका चरणहरू

अ) विषयवस्तुको चयन

आ) पात्र र परिवेशको निर्धारण

इ) भाषाशैली, अध्याय वा संरचनाको निर्धारण

ई) उपन्यास लेखन

उ) उपन्यासको परिमार्जन र पुनर्लेखन

ऊ) अन्तिम लेखन

ए) सम्पादन

ऐ) प्रकाशन

४) निबन्ध लेखन

क) निबन्ध लेखनका चरणहरू

अ) विषयवस्तुको चयन

आ) प्रस्तुति र शैलीको निर्धारण

इ) भाषा र निबन्धात्मक ढाचाको चयन

ई) निबन्ध लेखन

उ) निबन्धको परिमार्जन र पुनर्लेखन

ऊ) अन्तिम लेखन

ए) सम्पादन

५) आख्यानेतर अन्य विधाको लेखन

अ) विषयवस्तुको चयन

आ) प्रस्तुति र शिल्पशैलीको निर्धारण

इ) भाषाको चयन

ई) लेखन

उ) परिमार्जन र पुनर्लेखन

ऊ) अन्तिम लेखन

ए) सम्पादन

ई) एकाइ - ४ : सिर्जनात्मक लेखनको चरणगत विभाजन र लेखन

१) चरण एक : विधाको चयन

विधा अनुरूपको लेखकीय ढाचा र स्वरूपको चयन

२) चरण दुई : लेखन

३) चरण तिन : संशोधन, परिष्कार र परिमार्जन

४) चरण चार : अन्तिम लेखन, टङ्कन, रुजु, गाताबन्दी र प्रस्तुति

## ३. शिक्षण विधि

क) नमुना पाठ/विधा प्रस्तुत गर्दै उदाहरण सहित सिर्जनात्मक लेखनको परिचय दिने ।

ख) विभिन्न विधा र विधागत पाठहरूको उदाहरणका आधारमा सिर्जनात्मक लेखनका विशेषताको शिक्षण गर्ने ।

ग) उदाहरण दिई सिर्जनात्मक लेखनका भिन्न-भिन्न विधा र विधा तत्त्वको परिचय दिने । छलफल गरी सिर्जनात्मक लेखनको स्वरूप पहिचान गर्न लगाउने ।

घ) उदाहरण सहित विधागत लेखनका चरणहरूका विषयमा छलफल गरी विभिन्न विधामा अनुकरणात्मक र स्वतन्त्र लेखन अभ्यास गराउने ।

ङ) विभिन्न विधामा स्वतन्त्र सिर्जनाका लागि आवश्यक निर्देशन दिई फुटकर कविता र कथा लेखनमा परियोजना कार्य गराउने ।

४. **सन्दर्भ सामग्रीहरू**

**क) पाठ्यपुस्तक**

रमेशप्रसाद भट्टराई, **सिर्जनात्मक लेखन : पद्धति र प्रयोग ।**

**ख) सन्दर्भ सामग्रीहरू**

चूडामणि बन्धु (सम्पा.) **सिर्जनात्मक लेखन,** नेराप्रप, काठमाडौं ।

राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** पाठ्य सामग्री प्रकाशन, काठमाडौं ।

## नेपाली ४६५ : हास्यव्यङ्ग्य सिद्धान्त

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) हास्यव्यङ्ग्य कलासम्बन्धी परिभाषा बताउन,

ख) हास्यव्यङ्ग्यका तत्त्वहरूको परिचय दिन,

ग) अन्तर्विधात्मक शैलीविशेषका रूपमा हास्यव्यङ्ग्यको मौलिक स्वरूप बताउन,

घ) हास्यव्यङ्ग्य साहित्यको प्रारम्भ र विकासको व्याख्या गर्न,

ङ) नेपाली हास्यव्यङ्ग्यको विकासक्रम, प्रमुख मोड, धारा र प्रवृत्ति बताउन,

### २. पाठ्यवस्तुको विवरण :

क) **एकाइ विभाजन**

अ) एकाइ - १ : हास्यव्यङ्ग्यको सैद्धान्तिक अध्ययन - क्रे.आ. १.५

आ) एकाइ - २ : हास्यव्यङ्ग्य साहित्यको इतिहास - क्रे.आ. १.५

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : **हास्यव्यङ्ग्यको सैद्धान्तिक अध्ययन**

१) हास्यव्यङ्ग्यको परिभाषा

२) हास्यव्यङ्ग्यका तत्त्वहरू

३) अन्तर्विधात्मक शैलीविशेषका रूपमा हास्यव्यङ्ग्यको मौलिक स्वरूप

४) हास्यव्यङ्ग्यका प्रकार

आ) एकाइ - २ : **हास्यव्यङ्ग्य साहित्यको इतिहास**

१) हास्यव्यङ्ग्य साहित्यको पाश्चात्य इतिहास

२) हास्यव्यङ्ग्य साहित्यको पूर्वीय (संस्कृत) इतिहास

३) हास्यव्यङ्ग्य साहित्यको नेपाली इतिहास

### ३. शिक्षण विधि

क) शिक्षकले विद्यार्थीलाई हास्यव्यङ्ग्यसम्बन्धी प्रमुख मानिएका पूर्वीय, पाश्चात्य र नेपाली परिभाषाहरू बताई सारभूत परिभाषा तयार पार्न लगाउने ।

ख) हास्यव्यङ्ग्यका प्रमुख तत्त्वहरू बताई तिनका विशेषताहरूको सूची बनाउन लगाउने ।

ग) हास्यव्यङ्ग्य साहित्यको मूल विधा नभएर निबन्ध विधाअन्तर्गतको (अन्तर्विधात्मक) शैलीविशेष हो भन्ने कुरा स्पष्ट पार्ने ।

घ) हास्यव्यङ्ग्यका मुख्य मुख्य प्रकृति/स्वरूपका बारेमा विद्यार्थीलाई बताई यसका प्रकारहरूको वर्गीकरण गर्न लगाउने ।

ङ) पूर्वीय तथा पाश्चात्य साहित्यमा हास्यव्यङ्ग्यको विकास बारेमा अत्यन्त सङ्क्षेपमा बताई विद्यार्थीलाई बुदा टिपोट गर्न लगाउने ।

च) हास्यव्यङ्ग्यको नेपाली परम्पराका बारेमा विद्यार्थीहरूबिच अन्तर्क्रिया गराउँदै तथ्यसहितको जानकारी दिने ।

छ) नेपाली हास्यव्यङ्ग्यलाई लिएर भएका समालोचना, शोध तथा अन्य प्रकारका अध्ययनका बारेमा जानकारी दिई नेपाली हास्यव्यङ्ग्यका प्रकार र स्वरूपको वर्गीकरण गर्न लगाउने ।

ज) नेपाली हास्यव्यङ्ग्यका प्रमुख प्रतिभा, मुख्य कृति र विशेषताका बारेमा बताई विद्यार्थीलाई बुँदा टिपोट गर्न लगाउने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू


भरतकुमार भट्टराई, **हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, कीर्तिपुर ।

नरनाथ लुईंटेल, **नेपाली हास्यव्यङ्ग्य,** सिस्नुपानी नेपाल, काठमाडौं ।

__________, **प्रतिनिधि हास्यव्यङ्ग्य निबन्ध,** विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौं ।

राजेन्द्र सुवेदी र हीरामणि शर्मा, **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** साझा प्रकाशन, ललितपुर ।

रोचक घिमिरे (सम्पा.), **रचना** (द्वैमासिक), “हास्यव्यङ्ग्य परिचर्चा” (१५:४), काठमाडौं ।

**मधुपर्क** (मासिक), “हास्यव्यङ्ग्य अङ्क” (भदौ), काठमाडौं ।

माणिकरत्न शाक्य (सम्पा.), **हास्यव्यङ्ग्यकार नालीबेली,** भाडीपुराण प्रकाशन, काठमाडौं ।

## सेमेस्टर : सातौं

## नेपाली ४७१ : बालसाहित्य सिद्धान्त र नेपाली बालसाहित्यको इतिहास

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) नेपाली बालसाहित्यको इतिहासको वर्णन गर्न,

ख) बालसाहित्यको स्वरूप र विधाको पहिचान गर्न, र

ग) बालसाहित्यका तत्त्व, प्रयोजन र अध्ययन पद्धतिको व्याख्या गर्न ।

**२. पाठ्यवस्तुहरूको विवरण**

**क) एकाइ विभाजन**

अ) एकाइ - १ : बालसाहित्यको सिद्धान्त - क्रे.आ. १

आ) एकाइ - २ : नेपाली बालसाहित्यको इतिहास - क्रे.आ. २

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : बालसाहित्य सिद्धान्त

१) बालसाहित्यको परिभाषा र स्वरूप

२) शिशु साहित्य, बालसाहित्य र किशोर साहित्य

३) बालसाहित्यका विधा र तिनका तत्त्व

४) बालसाहित्यको प्रयोजन

५) बालसाहित्य अध्ययनका पद्धतिहरू

आ) एकाइ - २ : नेपाली बालसाहित्यको इतिहास

१) नेपाली बालसाहित्यमा लोकसाहित्यको परम्परा

२) नेपाली लिखित बालसाहित्यको इतिहास

क) बालगीत र बालकविताका विकासका चरण, प्रमुख प्रतिभा र प्रवृत्ति

ख) बालआख्यानका विकासका चरण, प्रमुख प्रतिभा र प्रवृत्ति

ग) बालनाटकका विकासका चरण, प्रमुख प्रतिभा र प्रवृत्ति

घ) बालनिबन्ध (जीवनी, संस्मरण र आत्मकथा समेत) का विकासका चरण, प्रमुख प्रतिभा र प्रवृत्ति

३) नेपाली अनूदित बालसाहित्यको परम्परा र प्राप्ति

४) नेपाली बालपत्रिकाको कालक्रमिक सर्वेक्षण

**३. शिक्षण विधि**

क) यस पाठ्यांशको इतिहास शिक्षणमा समय रेखा तालिका, चार्ट आदिको प्रयोग गर्ने र कालक्रमिक रूपमा कृति र कृतिकारका योगदानबारे व्याख्यान गर्ने ।

ख) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउने ।

ग) गृहकार्य गर्न लगाई कक्षामा प्रस्तुत गराउने र शिक्षकले आवश्यक टिप्पणी गरिदिने ।

## ४. सन्दर्भ सामग्रीहरू

### क) पाठ्यपुस्तक

डा. जीवेन्द्रदेव गिरी, **बालसाहित्य सिद्धान्त ।**

डा. जीवेन्द्रदेव गिरी, **नेपाली बालसाहित्यको इतिहास ।**

### ख) सन्दर्भ सामग्रीहरू

अच्युतशरण अर्याल, **नेपाली बालसाहित्यको रूपरेखा,** लेखक स्वयम्, स्याङ्जा ।

चूडामणि बन्धु र अन्य (सम्पा.) **नेपाली बाल विश्वकोश,** नेपाल बाल साहित्य समाज, काठमाडौं ।

जनकप्रसाद हुमागाईं, **नेपाली बाल साहित्य,** सुनकोशी साहित्य प्रतिष्ठान, काठमाडौं ।

जीवेन्द्रदेव गिरी, **नेपाल बाल पत्रिकाको बाल साहित्यमा योगदान,** विवेक सिर्जनशील प्रकाशन, काठमाडौं ।

प्रमोद प्रधान, **नेपाल बाल साहित्यको इतिहास,** बगर फाउन्डेसन नेपाल, काठमाडौं ।

महादेव अवस्थी, **बाल साहित्यका विधा र तिनको लेखन प्रक्रिया,** एकता प्रकाशन, काठमाडौं ।

## नेपाली ४७२ : नेपाली यात्रा-संस्मरण र जीवनी साहित्य

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) यात्रा-संस्मरण र जीवनी साहित्यको परिचय दिन,

ख) नेपाली यात्रा-संस्मरण र जीवनी साहित्यको विकास क्रम र प्रमुख प्रवृत्तिको वर्णन गर्न, र

ग) नेपाली यात्रा-संस्मरण र जीवनी साहित्यमा सिर्जनात्मक काम गर्न ।

### २. पाठ्यवस्तुहरूको विवरण

#### क) एकाइ विभाजन

अ) एकाइ - १ : यात्रा-संस्मरण र जीवनी साहित्यको सिद्धान्त - क्रे.आ. १

आ) एकाइ - २ : नेपाली यात्रा-संस्मरण र जीवनी साहित्य - क्रे.आ. १

इ) एकाइ - ३ नेपाली यात्रा-संस्मरण र जीवन साहित्यको सिर्जना - क्रे.आ. १

#### ख) पाठ्यांशको रूपरेखा

अ) एकाइ - १ : यात्रा-संस्मरण र जीवनी साहित्यको सिद्धान्त

१) यात्रा-संस्मरण : परिभाषा र तत्त्वहरू

२) जीवनी साहित्य : परिभाषा र तत्त्वहरू

आ) एकाइ - २ : नेपाली यात्रा-संस्मरण र जीवनी साहित्य

१) नेपाली यात्रा-संस्मरणको विकासक्रम र प्रमुख प्रवृत्ति

२) नेपाली जीवन साहित्यको विकासक्रम र प्रमुख प्रवृत्ति

इ) एकाइ - ३ : यात्रा-संस्मरण र जीवनी साहित्य सिर्जना

१) यात्रा-संस्मरणको सिर्जनात्मक लेखन

२) जीवन साहित्यको सिर्जनात्मक लेखन

### ३. शिक्षण विधि

क) यस पाठ्यांशको शिक्षणमा व्याख्यानका साथै समयरेखा तालिकाको प्रयोग गर्ने ।

ख) कृति र कृतिकारका प्रवृत्ति झल्काउने उद्धरणहरू प्रस्तुत गर्ने ।

ग) पुस्तकालयको प्रयोग गरी जीवनी लेख्न लगाउने र मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने ।

घ) यात्राका आधारित यात्रा-संस्मरण तयार गर्न लगाई मूल्याङ्कन र पृष्ठपोषण गर्ने ।

### ४. पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू

#### क) पाठ्यपुस्तक

डा. वेदव्यास उपाध्याय, **नेपाली यात्रा संस्मरण सिद्धान्त र इतिहास ।**

भिक्टर प्रधान, **जीवनी साहित्य सिद्धान्त र इतिहास ।**

#### ख) सन्दर्भ सामग्रीहरू

चूडामणि बन्धु (सम्पा.) **सिर्जनात्मक लेखन,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** साझा प्रकाशन, ललितपुर ।

भिक्टर प्रधान, **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** पाठ्य सामग्री पसल, काठमाडौं ।

## नेपाली ४७३ : नारीवादी साहित्य सिद्धान्त

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) नारीवादी साहित्य सिद्धान्तको पृष्ठभूमि, प्रवर्तन र विकासको वर्णन गर्न,

ख) नारीवादका मूल धारा र त्यसका स्थापनाको वर्णन गर्न,

ग) नारीवादी साहित्य सिद्धान्तका आधारमा नेपाली साहित्यको विश्लेषण र मूल्याङ्कन गर्न, र

**२. पाठ्यवस्तुको विवरण :**

क) **एकाइ विभाजन**

अ) एकाइ- १ :नारीवादी साहित्य सिद्धान्तको पृष्ठभूमि, प्रवर्तन र विकास- क्रे.आ. १

आ) एकाइ- २ :नारीवादी साहित्य सिद्धान्तका मूल धारा र त्यसका स्थापनाहरू - क्रे.आ. १

इ) एकाइ - ३ :नारीवादी साहित्य सिद्धान्तका प्रवृत्ति र विशेषताहरू- क्रे.आ. १

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : **नारीवादी साहित्य सिद्धान्तको पृष्ठभूमि, प्रवर्तन र विकास**

१) नारीवादी साहित्य सिद्धान्तको पृष्ठभूमि : नारी जागरण र नारी मुक्ति आन्दोलनको पाश्चात्य सन्दर्भ

२) नारीवादी साहित्य सिद्धान्तको प्रारम्भ : नारी लेखन र नारीवादका सिर्जनात्मक पक्ष

३) नारीवादी साहित्य सिद्धान्तको विकास : पश्चिमेली नारीवादको फ्रान्सेली विकास तथा नारीवादका तिन भिन्न धारहरू

आ) एकाइ - २ : **नारीवादी साहित्य सिद्धान्तका मूल धारा र त्यसका स्थापनाहरू**

१) उदार नारीवादी

२) मार्क्सवादी नारीवाद

३) आमूल नारीवाद

४) मनोविश्लेषणात्मक, उत्तरसंरचनावादी र उत्तरआधुनिकतावादी नारीवाद ।

५) जाति/जनजाति, उत्तर औपनिवेशिक र उत्तर नारीवादी स्वर

इ) एकाइ - ३ : **नारीवादी साहित्य सिद्धान्तका प्रवृत्ति र विशेषताहरू**

१) नारीवादी साहित्य सिद्धान्तका मूल प्रवृत्तिहरू

२) नारीवादी साहित्य सिद्धान्तका विशेषताहरू

**३. शिक्षण विधि**

क) पाश्चात्य नारी जागरण तथा उत्थानका सन्दर्भलाई उदाहरणका रूपमा प्रस्तुत गरी नारीवादी साहित्य सिद्धान्तको पृष्ठभूमि, प्रवर्तन र विकासका बारेमा छलफल र अन्तर्क्रिया गर्ने ।

ख) नारीवादी पाश्चात्य समालोचना सन्दर्भको चर्चा गर्दै यसको विकासक्रमलाई बुदा/टिपोट बनाई प्रस्तुत गरिदिने र विद्यार्थीलाई व्याख्यानका लागि प्रोत्साहित गर्ने । विद्यार्थीको व्याख्यान समेत समेटी शिक्षकले अन्तिम व्याख्यान दिने ।

ग) उदार, मार्क्सवादी र आमूल नारीवादका प्रयोग-सन्दर्भ उदाहरणका रूपमा खोजी प्रस्तुत गर्ने (जस्तै : नारी पुरुष सम व्यवहार, वर्गमुक्ति र नारी मुक्ति तथा नारीवादका सन्दर्भमा पुरुषवादको मात्रै नभई पुरुष विरोधीस्वर र नारीवादका भिन्न धाराको वर्णन गर्ने तथा विद्यार्थीलाई समेत वर्णन गर्न लगाउने ।

घ) अध्ययनका लागि सामग्री उपलब्ध गराई मनोविश्लेषणात्मक, उत्तरसंरचनावादी, उत्तरआधुनिकतावादी लगायत नारीवादको पछिल्लो विकासका बारेमा लघु परियोजना कार्य गर्न लगाई प्रस्तुत गर्न लगाउने ।

**४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू**

**क) पाठ्य पुस्तक**

सुधा त्रिपाठी, **नारीवादी सौन्दर्य चिन्तन,** भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाडौं ।

**ख) सन्दर्भ सामग्रीहरू**

अनामिका, **स्त्रीत्वका मानचित्र,** सारांश प्रकाशन प्रा.लि., दिल्ली ।

कृष्ण गौतम, **आधुनिक समालोचना : अनेक रूप अनेक पठन,** साझा प्रकाशन, ललितपुर ।

डेबोरा एल म्याडसेन, **फेमिनिस्ट थिओरी एन्ड लिटररी प्याक्टिस,** स्टोलिङ भर्जिनिया : प्लुटो प्रेस, लन्डन ।

राकेश कुमार, **नारीवादी विमर्श,** आधार प्रकाशन प्रा.लि., हरियाणा ।

डा. सुधा त्रिपाठी, **नारीवादको कठघरामा नेपाली साहित्य,** साझा प्रकाशन, ललितपुर ।

हेलेन भेन्डेली, **फेमिनिजम् एन्ड लिटरेचर,** रिभ्यु अफ बुक्स, न्युयोर्क ।

## नेपाली ४७४ : नेपालीलोकसाहित्यको विधागत परिचय

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) नेपाली लोकसाहित्यका विभिन्न विधाको परिचय दिन,

ख) नेपाली लोकसाहित्यका विभिन्न विधाका सामग्रीको विवेचना गर्न, र

ग) नेपाली लोकसाहित्यका विभिन्न विधाका सामग्रीको सङ्कलन, आस्वादन र मूल्याङ्कन गर्न ।

**२. पाठ्यवस्तुहरूको विवरण**

**क) एकाइ विभाजन**

अ) एकाइ - १ : नेपाली लोकसाहित्यका विभिन्न विधाहरू - क्रे.आ. १

आ) एकाइ - २ : नेपाली लोकसाहित्यका विभिन्न विधाका पाठहरू - क्रे.आ. २

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : नेपाली लोकसाहित्यका विभिन्न विधाहरू

१) नेपाली लोकगीत (संस्कार गीत, पर्वगीत, श्रमगीत, बहरमासे गीत, बालगीत)

२) नेपाली लोकगाथा (कर्खा, धमारी, चाँचरी, चैत, गाथा)

३) नेपाली लोककथा (परीकथा, नीतिकथा, पौराणिक कथा)

४) नेपाली लोक नाटक (भारत, सोरठी, घाटु, नचरी, बालुन)

५) नेपाली लोकोक्ति (उखान, टुक्का, गाउँ खाने कथा)

आ) एकाइ - २ : नेपाली लोक साहित्यका विभिन्न विधाका पाठहरू

१) देउडा लोकगीत

२) सासू बुहारीको सबाई

३) कलसाको धमारी

४) उदा छापलाको भारत

५) सुनकेस्राको कथा

**३. शिक्षण विधि**

क) पाठ्यांश सम्बन्धी व्याख्यानका साथै श्रव्यदृश्य सामग्री पनि कक्षामा प्रयोग गर्ने ।

ख) क्षेत्रीय पद्धति अनुरूप अवलोकन, निरीक्षण, प्रश्नोत्तर र विचार विमर्श गरी सामग्री सङ्कलन र अध्ययन गर्ने ।

**४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू**

**क) पाठ्यपुस्तक**

डा. जीवेन्द्रदेव गिरी, **नेपाली लोक साहित्य सञ्चय ।**

**ख) सन्दर्भ सामग्रीहरू**

कपिलदेव लामिछाने, **नेपाली लोकगाथाको अध्ययन,** साझा प्रकाशन, ललितपुर ।

कृष्णप्रसाद न्यौपाने, **नेपाली लोक साहित्य सन्दर्भमा रोइला,** लेखक  स्वयम् ।

कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउा खाने कथा,** रत्न पुस्तक भण्डार, काठमाडौं ।

कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** वीणा प्रकाशन, काठमाडौं

गोविन्द आचार्य, **लोकगीतको विश्लेषण,** पैरवी प्रकाशन, काठमाडौं ।

गोविन्दप्रसाद पाण्डे, **देउडा : विगतदेखि वर्तमानसम्म,** लेखक स्वयम् ।

चूडामणि रेग्मी, **नेपाली टुक्काहरूको अध्ययन,** जुही प्रकाशनका निम्ति वेद कुमारी रेग्मी, झापा ।

जयराज पन्त, **आजुलीभरि सगुन पोल्टाभरि फाग,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

जीवेन्द्रदेव गिरी, **हाम्रा लोकगाथा,** एकता प्रकाशन, काठमाडौं ।

जीवेन्द्रदेव गिरी, **नेपाली लोकसाहित्यमा जनजीवन,** एकता प्रकाशन,   काठमाडौं ।

ताराकान्त मिश्र, **मैथिली लोक साहित्यका अध्ययन,** जानकी प्रकाशन, दिल्ली ।

देवकान्त पन्त, **डोटेली लोक साहित्य,** त्रि.वि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं ।

पूर्णप्रकाश नेपाल 'यात्री', **भेरी लोकसाहित्य,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

प्रदीप रिमाल, **कर्णाली लोक संस्कृति,** (खण्ड ५ संस्कृति), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

मनोहर लामिछाने, **लोक साहित्य र संस्कृतिका केही पाटाहरू,** साझा प्रकाशन, ललितपुर ।

मोतीलाल पराजुली, **सोरठी नृत्य नाटिका,** दीक्षान्त पुस्तक प्रकाशन, काठमाडौं ।

वासुदेव भाइसाब, **सुदूर पश्चिमा डोटी प्रदेशमा लोकगाथा अवलोकन,** महाकाली साहित्य सङ्गम, कञ्चनपुर ।

शिवप्रसाद पौडेल, **नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण,** सुशीला पौडेल, नवलपरासी ।

हंसपुरे सुवेदी, **नेपाली लोकपद्य : परिचय र विवेचना,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

## **नेपाली ४७५ : नेपाली भाषासाहित्यका आन्दोलनहरू**

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) नेपाली भाषाको मानकीकरण र तिनले साहित्यमा पारेको प्रभाव बुझ्न सक्ने, र

ख) नेपाली भाषासाहित्यमा भएका प्रमुख आन्दोलनहरूको जानकारी लिन ।

**२. पाठ्यवस्तुको विवरण :**

क) **एकाइ विभाजन**

अ) एकाइ - १ : नेपाली भाषाको मानकीकरणका लागि भएका प्रयास र तिनले साहित्यमा पारेको प्रभाव - क्रे.आ. १

आ) एकाइ - २ : नेपाली भाषासाहित्यमा भएका प्रमुख आन्दोलनहरू - क्रे.आ. २

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : नेपाली भाषाको मानकीकरणका लागि भएका प्रयास र तिनले साहित्यमा पारेको प्रभाव

१) नेपाली भाषाले पाएको विभिन्न भूमिका

२) व्याकरण लेखनको थालनी

३) शब्दकोश लेखन प्रकाशन

४) छापाखाना र पत्रकारिताको विकास

५) संस्थागत र एकल प्रयास

आ) एकाइ - २ : नेपाली भाषासाहित्यमा भएका प्रमुख आन्दोलनहरू

१) हलन्त बहिष्कार

२) झर्रोवादी आन्दोलन

३) आयामेली आन्दोलन

४) राल्फा आन्दोलन

५) अस्वीकृत जमात

६) अमलेख

७) बुट पालिस

८) सडक कविता क्रान्ति

९) सडक नाटक अभियान

१०) तरलवाद

११) आन्दोलन कविता

१२) छन्द बचाऔं अभियान

१३) नेपाली भाषा बचाऔं अभियान

**३. शिक्षण विधि**

क) नेपाली भाषासाहित्यमा भएका आधुनिकीकरणका प्रयासहरूकाबारे व्याख्यान विधिद्वारा प्रस्ट पारिदिने ।

ख) नेपाली भाषासाहित्यमा भएका प्रमुख आन्दोलनहरूको संक्षिप्त विवरण प्रस्तुत गरिदिने ।

**४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू**

**क) पाठ्य पुस्तक**

सुकुम शर्मा, **नेपाली साहित्यमा आन्दोलनहरू (२०६४),** एकेडेमिक बुक सेन्टर, काठमाडौं ।

दयाराम श्रेष्ठ, **नेपाली साहित्यका केही पृष्ठ**, २०६३ (पा.सं.), साझा प्रकाशन : पुल्चोक, ललितपुर

सेमेस्टर : आठौं

## नेपाली ४८१: आधुनिक भाषाविज्ञान

क्रे.आ. ३

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) भाषा र भाषाविज्ञानको परिचय दिन,

ख) ध्वनि विज्ञान र वर्णविज्ञानको वर्णन तथा वर्ण विश्लेषण गर्न,

ग) रूपविज्ञानको परिचय दिन र रूप विश्लेषण गर्न,

घ) वाक्यविज्ञानको परिचय दिन तथा वाक्यतत्त्वको वर्णन गर्न,

ङ) अर्थविज्ञानका सैद्धान्तिक अवधारणाको व्याख्या गर्न,

च) ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानका आधारभूत पक्षको वर्णन गर्न,

छ) समाज भाषाविज्ञानको परिचय दिन र समाज भाषाविज्ञानका महत्त्वपूर्ण पक्षको पहिचान गर्न,

**२. पाठ्यवस्तुको विवरण :**

क) **एकाइ विभाजन**

| | | |
|---|---|---|
| अ) एकाइ - १ : | भाषा र भाषाविज्ञान | -क्रे.आ. ०.५ |
| आ) एकाइ - २ : | ध्वनिविज्ञान र वर्णविज्ञान | - क्रे.आ. ०.५ |
| इ) एकाइ - ३ : | रूपविज्ञान र वाक्यविज्ञान | - क्रे.आ. ०.५ |
| ई) एकाइ - ४ : | अर्थविज्ञान | - क्रे.आ. ०.५ |
| उ) एकाइ - ५ : | ऐतिहासिक र तुलनात्मक भाषाविज्ञान | - क्रे.आ. ०.५ |
| ऊ) एकाइ - ६ : | समाज भाषाविज्ञान | - क्रे.आ. ०.५ |

ख) **पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : **भाषा र भाषा विज्ञान**

१) भाषाको वैज्ञानिक अध्ययनका रूपमा भाषाविज्ञान

२) भाषिक सञ्चार प्रणाली र त्यसका विशेषता

३) प्रायोगिक भाषाविज्ञान, भाषाशिक्षण, कोशविज्ञान, अनुवादविज्ञान, शैलीविज्ञान, कम्प्युटर भाषाविज्ञान र सङ्कथन विश्लेषणको सामान्य परिचय

आ) एकाइ - २ : **ध्वनिविज्ञान र वर्णविज्ञान**

१) ध्वनि विज्ञानका शाखाहरू (औच्चारिक, साञ्चारिक र श्रावणिक) को सामान्य परिचय

२) अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको परिचय

३) वर्ण विश्लेषण सिद्धान्त : व्यतिरेकी वितरण, परिपूरक वितरण र मुक्त वितरण

४) वर्णका विभेदक अभिलक्षण र उत्पादक वर्णविज्ञान ।

इ) एकाइ - ३ : **रूपविज्ञान र वाक्यविज्ञान**

१) रूपविज्ञानको परिचय, परम्परा र पृष्ठभूमि

२) संरचना, अर्थ तथा परिवेशका आधारमा रूपको निर्धारण

३) कोशीय र व्याकरणिक रूप

४) रूप विश्लेषण सिद्धान्त (एकाइ र समायोजन, एकाइ र प्रक्रिया, एकाइ र रूपावली)

५) वाक्यविज्ञानको परिचय

६) पदक्रम र पदावलीको संरचना (समतलीय र तहगत) को परिचय

७) पदावलीका प्रकार तथा संरचक (शीर्ष र विशेषकको परिचय)

८) निकट घटक विश्लेषण र घटक क्रम (अनुक्रम र भङ्गक्रम)

ई) एकाइ - ४ : **अर्थविज्ञान**

१) अर्थ विज्ञानको क्षेत्र र प्रकृति

२) अर्थका प्रमुख प्रकार (अवधारणात्मक अर्थ : निर्देशन र आशय, कोशीय अर्थ र व्याकरणिक अर्थ, साहचर्यात्मक अर्थ र प्रसङ्गार्थ)

३) शब्दार्थ सम्बन्धका प्रमुख ढाचा (समानार्थकता, विपरीतार्थकता, समावेशार्थकता, न्यूनार्थकता, समध्वन्यात्मकता)

४) अर्थ सिद्धान्त : सङ्केत, सहप्रयोग/सन्निधान, सन्दर्भ, वाक्क्रिया, घटकीय विश्लेषण

५) कारकीय अर्थ : कर्तृत्व, उदासीन, प्राप्ति, साधन, स्रोत, लक्ष्य, आधार, हेतुत्व, भोक्तृत्व, बल, परिणति ।

उ) एकाइ - ५ : **ऐतिहासिक र तुलनात्मक भाषाविज्ञान**

१) ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानको उद्‌भव र विकास

२) भाषाको पारिवारिक तथा प्रकारगत वर्गीकरण

३) भाषिक परिवर्तन : वृक्षारेख तथा तरङ्ग सिद्धान्त, भाषिक पुनर्निर्माण (आन्तरिक र बाह्य), ध्वनि विच्छेद र ध्वनि विलय, आगमनात्मक परिवर्तन र सादृश्यजन्य परिवर्तन ।

ऊ) एकाइ - ६ : **समाज भाषाविज्ञान**

१) समाज भाषाविज्ञानको परिभाषा र क्षेत्र

२) भाषिक सम्पर्क र सम्मिलन

३) भाषिक मृत्यु

४) भाषा अनुरक्षण

५) भाषानीति र योजना

४. **पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू**


चूडामणि बन्धु, **नेपाली भाषाको उत्पत्ति,** साझा प्रकाशन, ललितपुर ।

..............., **भाषा विज्ञान,** साझा प्रकाशन, ललितपुर ।

जीवेन्द्र देव गिरी, **भाषा विज्ञान, भाषा र भाषिका,** एकता प्रकाशन, काठमाडौं ।

..............., **भाषा र नेपाली भाषा,** पाठ्य सामग्री पसल, काठमाडौं ।

टङ्क प्रसाद न्यौपाने, **भाषा विज्ञानको रूपरेखा,** नेपाली बुक डिपो, धरान ।

देवीप्रसाद गौतम, **नेपाली भाषा परिचय,** साझा प्रकाशन, ललितपुर ।

................ र खगेन्द्र प्रसाद लुइटेल, **ध्वनि विज्ञान र वर्ण विज्ञान,** नवीन प्रकाशन ।

बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** साझा प्रकाशन, ललितपुर ।

........र बल्लभ मणि दाहाल, **ध्वनि सिद्धान्त र केही ध्वनि प्रक्रिया,** पुस्तक संसार,विराटनगर ।

माधवप्रसाद पोखरेल, **ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय,** ने.रा.प्र.प्र., काठमाडौं ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक भाषा विज्ञान,** विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

योगेन्द्रप्रसाद यादव र भीमनारायण रेग्मी, **भाषा विज्ञान,** न्यू हिरा बुक्स इन्टरप्राइजेज,कीर्तिपुर।

वासुदेव घिमिरे, **समाज भाषा विज्ञान,** वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, काठमाडौं ।

................, **सङ्कथन विश्लेषण : परिचय र पद्धति,** इन्टेलेक्चुएल्ज बुक प्यालेस, कीर्तिपुर ।

हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली व्याकरण,** साझा प्रकाशन, ललितपुर ।

................, **सामाजिक र प्रायोगिक भाषा विज्ञान,** रत्न पुस्तक भण्डार, काठमाडौं ।


चूडामणि बन्धु, **नेपाली भाषाको उत्पत्ति,** साझा प्रकाशन, ललितपुर ।


________, **भाषा विज्ञान,** साझा प्रकाशन, ललितपुर ।

जीवेन्द्र देव गिरी, **भाषा विज्ञान, भाषा र भाषिका,** एकता बुक्स, काठमाडौं ।

________, **भाषा र नेपाली भाषा,** पाठ्य सामग्री पसल, काठमाडौं ।


देवीप्रसाद गौतम, **नेपाली भाषा परिचय,** साझा प्रकाशन, ललितपुर ।


________ र प्रेम प्रसाद चौलागाईं, **भाषा विज्ञान,** पाठ्य सामग्री पसल, काठमाडौं ।

टङ्क न्यौपाने, **भाषा विज्ञानको रूपरेखा,** नेपाल बुक डिपो, धरान ।


बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** साझा प्रकाशन, ललितपुर ।


माधवप्रसाद पोखरेल, **ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

________, **नेपाली वाक्य व्याकरण,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

मोहनराज शर्मा, **शब्द रचना र वर्ण विन्यास,** नवीन प्रकाशन, काठमाडौं ।

मोहनराज शर्मा र कृष्णहरि बराल, **भाषा विज्ञान र नेपाली भाषा,** नवीन प्रकाशन, काठमाडौं ।

व्रतराज आचार्य, **हाम्रो भाषा,** लेखक स्वयम्, तनहु ।

## नेपाली ४८२ : नेपाली भाषाको अध्ययन

क्रे.आ. ३

**१.पाठ्यांशका उद्देश्यहरू :**

क) भाषा, भाषाविज्ञान र भाषिक भेदको पहिचान गर्न,

ख) नेपाली भाषाको उद्भव, विकास, ध्वनि व्यवस्था र वर्ण व्यवस्थाको परिचय दिन,

ग) नेपाली भाषाको रूपतत्त्व र वाक्यतत्त्वको विश्लेषण गर्न,

घ) नेपालीका भाषिक भेदहरू, नेपालको भाषानीति र योजना तथा नेपाली भाषाको मानकीकरणबारे जानकारी लिन, र

ङ) नेपाली भाषा तथा नेपालका भाषाहरूको वर्तमान स्थितिको विवेचना गर्न ।

**२. पाठ्यवस्तुहरूको विवरण**

**क) एकाइ विभाजन**

अ) एकाइ-१ :नेपाली भाषाको उद्भव, विकास, ध्वनि व्यवस्था र वर्ण व्यवस्थाको परिचय-क्रे.आ. १

आ) एकाइ - २ : नेपाली भाषाको रूपतत्त्व र वाक्यतत्त्वको विश्लेषण - क्रे.आ. १

इ) एकाइ - ३ : नेपालीका भाषिक भेदहरू, नेपालको भाषानीति र योजना तथा नेपाली भाषाको मानकीकरण - क्रे.आ. १

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : नेपाली भाषाको उद्भव, विकास, ध्वनि व्यवस्था र वर्ण व्यवस्थाको परिचय

१) नेपाली भाषाको उद्भव प्रक्रिया

२) प्राचीन, मध्यकालीन र आधुनिक नेपाली

३) नेपाली ध्वनिको वर्गीकरण : खण्डीय ध्वनि (स्वर र व्यञ्जन, आक्षरिक र अनाक्षरिक, उच्चार्य र सह उच्चार्य) र खण्डेतर (मात्रा, अनुनासिकता, सुर र बलाघात

४) नेपालीका खण्डीय र खण्डेतर वर्णको परिचय र वितरण

५) नेपाली वर्ण संयोग

६) नेपाली अक्षरका प्रकार

७) वर्ण विश्लेषण सिद्धान्तका आधारमा नेपाली वर्णको विश्लेषण

आ) एकाइ - २ : नेपाली भाषाको रूपतत्त्व र वाक्यतत्त्वको विश्लेषण

१) नेपाली धातु, प्रातिपदिक, उपसर्ग, परसर्ग, शब्द र पदको परिचय

२) नेपालीमा व्याकरणिक धारा वा कोटिका सङ्केतक रूपहरूको परिचय

३) नेपाली सन्धि व्यवस्था, सन्धि नियमनको स्वरूप र ढाँचा

४) नेपाली वाक्यमा पदक्रम र घटक क्रमसम्बन्धी व्यवस्था

५) नेपाली वाक्यका प्रकार : सरल, संयुक्त र मिश्र

१) नेपालको भाषानीति र योजना

२) नेपाली भाषामा व्याकरण लेखन

३) नेपाली भाषामा शब्दकोश लेखन

४) नेपाली भाषाका प्रकार्यहरू (सरकारी कामकाजको भाषा, शिक्षा र सञ्चारको भाषा)

इ) एकाइ - ३ : नेपालीका भाषिक भेदहरू, नेपालको भाषानीति र योजना तथा नेपाली भाषाको मानकीकरण

क) नेपालीका भाषिक भेदहरू

१) क्षेत्रीय भेदहरू

२) सामाजिक भेदहरू

३) प्रयोजनपरक भेदहरू

ख) नेपालको भाषानीति र योजना तथा नेपाली भाषाको मानकीकरण

१) नेपालको भाषानीति र योजना

२) नेपाली भाषामा व्याकरण लेखन

३) नेपाली भाषामा शब्दकोश लेखन

४) नेपाली भाषाका प्रकार्यहरू (सरकारी कामकाजको भाषा, शिक्षा र सञ्चारको भाषा)

## ३. शिक्षण विधि

क) यस पाठ्यांशको शिक्षणमा व्याख्यानका साथै आरेख र तालिकाको पनि प्रयोग गर्ने ।

ख) अध्ययनका क्रममा क्षेत्रकार्य र अभ्यासलाई पनि आगाल्ने ।

ग) प्रश्नहरू दिई पुस्तकालयीय अध्ययनका आधारमा समूहगत रूपमा उत्तर लेख्न लगाउने र कक्षामा छलफल गराई शिक्षकले टिप्पणी गरिदिने ।

## ४. पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू

### क) पाठ्यपुस्तक

डा. जीवेन्द्रदेव गिरी र रमेशप्रसाद भट्टराई, **आधुनिक भाषाविज्ञानको सिद्धान्त र नेपाली भाषा**

### ख) सन्दर्भ सामग्रीहरू


चूडामणि बन्धु, **नेपाली भाषाको उत्पत्ति,** साझा प्रकाशन, ललितपुर ।

_________, **भाषाविज्ञान,** साझा प्रकाशन, ललितपुर ।

जीवेन्द्रदेव गिरी, **भाषाविज्ञान, भाषा र भाषिका,** एकता प्रकाशन, काठमाडौं ।

_________, **भाषा र नेपाली भाषा,** पाठ्य सामग्री पसल, काठमाडौं ।

टङ्कप्रसाद न्यौपाने, **भाषाविज्ञानको रूपरेखा,** नेपाल बुक डिपो, धरान ।

देवीप्रसाद गौतम, **नेपाली भाषा परिचय,** साझा प्रकाशन, ललितपुर ।

_________ र खगेन्द्रप्रसाद लुइटेल, **ध्वनि विज्ञान र वर्ण विज्ञान,** नवीन प्रकाशन ।

_________ र प्रेमप्रसाद चौलागाई, **भाषाविज्ञान,** पाठ्य सामग्री पसल, काठमाडौं ।

बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** साझा प्रकाशन, ललितपुर ।

_________ र बल्लभमणि दाहाल, **ध्वनि सिद्धान्त र केही ध्वनि प्रक्रिया,** पुस्तक संसार, विराटनगर ।

माधवप्रसाद पोखरेल, **ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

मोहनराज शर्मा र डा. कृष्णहरि बराल, **भाषाविज्ञान र नेपाली भाषा,** नविन प्रकाशन, काठमाडौं ।
मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक भाषाविज्ञान,** विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।
वासुदेव घिमिरे, **समाज भाषाविज्ञान,** वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, काठमाडौं ।
हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली व्याकरण,** साझा प्रकाशन, ललितपुर ।
__________, **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** रत्न पुस्तक भण्डार, काठमाडौं ।

## नेपाली ४८३ : नेपाली रङ्गमञ्च र चलचित्र सिद्धान्त

क्रे.आ. ३

### १. पाठ्यांशका उद्देश्यहरू :

क) रङ्गमञ्च र चलचित्रको परिचय बताउन,

ख) रङ्गमञ्च र चलचित्र सिद्धान्तको वर्णन गर्न,

ग) रङ्गमञ्च र चलचित्र सिद्धान्तका आधारमा रङ्गमञ्च वा चलचित्र समीक्षा र अभिनय गर्न ।

### २. पाठ्यवस्तुहरूको विवरण

**क) एकाइ विभाजन**

अ) एकाइ - १ : रङ्गमञ्च सिद्धान्त - क्रे.आ. १.५

आ) एकाइ - २ : चलचित्र सिद्धान्त - क्रे.आ. १.५

**ख) पाठ्यांशको रूपरेखा**

अ) एकाइ - १ : रङ्गमञ्च सिद्धान्त

१) रङ्गमञ्चको परिचय, प्रकार र प्रयोजन

२) रङ्गमञ्चको स्वरूप र संरचना

३) रङ्गमञ्चको परम्परा र विकास

४) नेपाली रङ्गमञ्चको विकास

५) रङ्गमञ्च समीक्षा र अभिनय तथा यसका आधारहरू

आ) एकाइ - २ : चलचित्र सिद्धान्त

१) चलचित्रको परिचय र प्रमुख तत्त्व

२) चलचित्रका प्रकार, चलचित्र र पटकथा

३) चलचित्रको परम्परा र वर्तमान अवस्था

४) नेपाली चलचित्रको विकासक्रम

५) चलचित्र निर्देशन र अभिनय

६) चलचित्र समीक्षा र यसका आधारहरू

### ३) शिक्षण विधि

क) उदाहरण दिई रङ्गमञ्चको परिचय, प्रकार र प्रयोजनका बारेमा स्पष्ट पार्ने ।

ख) उदाहरण र छलफल गरी रङ्गमञ्चको स्वरूप र संरचनाका विषयमा स्पष्ट पार्ने ।

ग) रङ्गमञ्चको विकासक्रमसम्बन्धी सामग्री दिई त्यसका विषयमा कक्षा प्रस्तुति गर्न लगाई शिक्षकले पृष्ठपोषण दिने ।

घ) रङ्गमञ्च र अभिनय देखाई वा नाटक अध्ययन गरी रङ्गमञ्च र अभिनय पक्षको समीक्षा गर्न लगाउने ।

ङ) चलचित्रको उदाहरण दिई परिचय र तत्त्व भन्न र लेख्न लगाउने ।

च) सम्भव भएसम्म नेपाली चलचित्रका उदाहरण दिई चलचित्रका प्रकारको शिक्षण गर्ने ।

छ) सामग्री उपलब्ध गराई पढ्न लगाउने र चलचित्रको विकासक्रम लेख्न लगाउने ।

ज) चलचित्र हेर्न लगाई त्यसको समीक्षा गर्न लगाउने । यसका लागि सिडि आदिको व्यवस्था गरी शिक्षकले समीक्षा गर्न लगाउने र परियोजनाका रूपमा प्रस्तुत गर्न लगाउने ।

## ४. पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू

### क) पाठ्यपुस्तक

रमेशप्रसाद भट्टराई, **नेपाली रङ्गमञ्च र चलचित्रको सिद्धान्त ।**

### ख) सन्दर्भ सामग्रीहरू

केशवप्रसाद उपाध्याय, **नाटक र रङ्गमञ्च,** समु प्रकाशन, काठमाडौं ।

माधव ढुङ्गेल, **चलचित्र सिद्धान्त,** बुक एकेडेमिक प्रकाशन, काठमाडौं ।

डा. रामचन्द्र पोखरेल, **रङ्गमञ्च,** काष्ठमण्डप पुस्तक घर, काठमाडौं ।

## नेपाली ४८४ : शोधकार्य

के.आ. ६

**१. पाठ्यांशका उद्देश्यहरू :**

क) शोध समस्यासम्बद्ध उठाइएका शोधप्रश्नहरूका सही उत्तर खोज्ने विधिहरूबारे बताउन,

ख) शोधकार्यका उद्देश्यअनुसार पूर्व कार्यको समीक्षा सम्पन्न गर्न,

ग) परिमार्जन र संशोधन गरी तयार पारिएको शोधकार्यलाई अन्तिम रूप दिन, र

घ) मौखिक परीक्षामा सामेल हुने आत्मबल बढाउन ।

**२. शोधकार्यको व्यवस्थापन मूल्याङ्कन प्रक्रिया तथा विधि**

क) प्रत्येक शोधार्थीका लागि विभागले १/१ जना शोधनिर्देशक र सह-शोधनिर्देशक (Co-Guide) तोक्नेछ ।

ख) सह-शोधनिर्देशकबाट शोधकार्यको प्रथम परीक्षण भएपछि मात्र शोधनिर्देशक कहाँ अन्तिम परीक्षणार्थ सिफारिस गरिनेछ ।

ग) विभागले तोकेको कुनै एक आन्तरिक परीक्षकबाट सो शोधकार्यको मूल्याङ्कन हुनेछ ।

घ) आन्तरिक परीक्षकले दिएका सुझाउहरूअनुसार परिमार्जन र परिशोधन भएपछि मात्र सो शोधकार्य पूर्व प्रस्तुतिका निमित्त मान्य हुनेछ ।

ङ) पूर्व प्रस्तुतिको मिति र समय विभागीय प्रमुखले तोक्नेछ ।

च) पूर्व प्रस्तुतिमा विभागीय प्रमुख, शोध-निर्देशक, सह-शोधनिर्देशक र आन्तरिक परीक्षकको उपस्थिति अनिवार्य हुनेछ । चाहेमा अनौपचारिक रूपले अरु शिक्षकहरूले पनि सहभागिता जाउन सक्ने छन् ।

छ) पूर्व प्रस्तुतिबाट आएका पृष्ठपोषणहरूको कदर शोद्यार्थीले गर्नैपर्दछ ।

ज) माथि चरण - ४ मा उल्लिखित प्रक्रिया र कार्यहरू पूर्णरूपेण सम्पन्न भएपछि मात्र सो शोधकार्य मूल्याङ्कनार्थ बाह्य परीषक (External Examiner) कहाँ पठाइनेछ ।

झ) शोधकार्यको अन्तिम मूल्याङ्कनका लागि विभागीय प्रमुखले निम्नानुसरको 'शोधकार्य मूल्याङ्कन समिति' गठन गर्नेछ :

| | |
|---|---|
| १) विभागीय प्रमुख | - १ |
| २) शोधनिर्देशक | - १ |
| ३) सह-शोधनिर्देशक | - १ |
| ४) आन्तरिक परीक्षक | - १ |
| ५) बाह्य परीक्षक | - १ |
| ६) पर्यवेक्षक (शिक्षकहरूमध्येबाट) | - १ |
| ७) पर्यवेक्षक (प्रतिष्ठित लेखक वा विशेषज्ञहरूमध्येबाट) | - १ |
| जम्मा | - ७ |

ञ) मूल्याङ्कनका आधारहरू यस प्रकार हुनेछन् :

| | |
|---|---|
| १) बाह्य परीक्षकबाट | - ५०% |
| २) विभागीय प्रमुखबाट | - १०% |
| ३) आन्तरिक परीक्षकबाट | - १०% |
| ४) पर्यवेक्षक - १ बाट | - १०% |
| ५) पर्यवेक्षक - २ बाट | - १०% |
| | १०० % |

(पुनश्च : शोधनिर्देशक र सह शोधनिर्देशकले तटस्थ भूमिका खेल्नुपर्नेछ ।)

ट) मौखिक परीक्षाको मूल्याङ्कनका आधारहरू यस प्रकार हुनेछन् :

| | |
|---|---|
| १) शोद्यार्थीको विषयगत आत्मविश्वास, चेष्टा वा हाउभाउ र शिष्टता | - १०% |
| २) विषगयत ज्ञानको स्तर | - ५०% |
| ३) अभिव्यक्ति क्षमता | - २०% |
| ४) उत्तर दिने कला | - २०% |
| | - १००% |

ठ) विभागले शोद्यार्थीले प्राप्त गरेको कुल अङ्क गोप्य राखी नियमानुसार परीक्षा शाखामा पठाउनेछ ।

## ३. विविध

क) शोधकार्य A4 साइजको सेतो कागजमा बायाँ १$\frac{१"}{२}$ र दायाा १" मार्जिन छोडी कम्प्युटर टाइप गरिएको हुनुपर्दछ ।

ख) पूर्व प्रस्तुति र मौखिक परीक्षा सम्पन्न हुनअघि शोधकार्य क्लिप प्रयोग गरी खुला गाताबन्दीमा पेस गरिएको हुनुपर्दछ ।

ग) मौखिक परीक्षा सम्पन्न भइसकेपछि विद्यार्थीले आफ्नो सिर्जनाकार्य साधारण गाताबन्दी (Soft Binding) गरेर पेस गर्नुपर्दछ ।

घ) शोधकार्यको बाहिरी मुखपृष्ठ भागमा यस्तो लेखिएको हुनुपर्दछ :

| |
| --- |
| मध्य-पश्चिमाञ्चल विश्वविद्यालय<br>शोध-शीर्षक<br><br><br><br>स्नातक शोधकार्य<br>मानविकी तथा सामाजिकशास्त्र सङ्काय<br>पाठ्यांश Nep ........ को प्रयोजन<br>हेतु पेस गरिएको<br>शोधनिर्देशक<br>नाम<br>सह-शोधनिर्देशक<br>नाम<br><br>शोद्यार्थीको नाम<br>क्रम सं.<br>क्याम्पसको नाम :<br>स्थान, शोधकार्य स्वीकृत भएको मिति |

ङ) शोधकार्यको पीठ (Backbone) मा (१) शोधशीर्षक, (२) शोद्यार्थीको नाम र (३) शोधकार्य स्वीकृत भएको वर्ष लेखिएको हुनुपर्दछ ।

च) स्वीकृत शोधकार्यलाई विश्वविद्यालयको सम्पत्ति मानिनेछ, तर शोद्यार्थीले सो शोधकार्य पुस्तकाकारमा प्रकाशित गर्न चाहेमा शोध-निर्देशकको सिफारिसमा सम्बन्धित विभागले स्वीकृति दिन सक्ने भए तापनि बाध्य भने हुन सक्ने छैन ।

छ) शोधार्थीहरूले विभागले तोकेबमोजिमको ढाचा (फर्म्याट) मा शोधकार्य तयार गर्नुपर्नेछ ।

ज) विभागले नै दुईजना विद्यार्थी प्रतिनिधिसहित विभागीय निर्णय गरी शोधार्थीहरूसँग लिइने शुल्क, शोधनिर्देशक, सह शोधनिर्देशक, आन्तरिक तथा बाह्य परीक्षकहरू र पर्यवेक्षकहरूलाई दिइने पारिश्रमिकको रकम ढङ्गबाट तोकी सम्बन्धित सङ्कायको डीन कार्यालयबाट अनुमोदन भएपछि लागू गर्नेछ ।

## मूल्याङ्कन योजना

पूर्णाङ्क : ६०%

| | प्रश्नको प्रकार | प्रश्नको स्वरूप र सीमा | प्रश्न सं. | अङ्क भार | मूल्याङ्कनका आधारहरू |
|---|---|---|---|---|---|
| १. | विश्लेषणात्मक | कुनै पाठको विधातत्त्वगत विश्लेषण/कुनै विधाको सैद्धान्तिक पक्षको प्रयोग/कुनै कालखण्डका प्रवृत्तिहरूको ऐतिहासिक विश्लेषण | १ | १५ | १. विषयवस्तुको बोध -<br>२. अभिव्यक्ति क्षमता तथा प्रस्तुति शैली -<br>३. वर्णविन्यासगत शुद्धता (व्याकरणगत समेत) -<br>१००% |
| २. | संक्षिप्त उत्तरात्मक | कृति विशेषको भाव वा विचार वा आशय वा सारवस्तुसँग मात्र सम्बन्धित/विधागत सैद्धान्तिक पक्ष मात्र/कृति वा कृतिकारको वैशिष्ट्य | ३ | १५ | |
| ३. | तुलनात्मक | समान-असमान शैली, भाव, विचार, उद्देश्य, पात्रविधान, कथानक योजना, वस्तुविधान, परिवेश, प्रवृत्ति आदि | १ | १६ | |
| ४. | पाठपरक समीक्षात्मक | कुनै गद्य पाठको महत्त्वपूर्ण लामो उद्धतांशको समीक्षा (सैद्धान्तिक, भाषिक आदि) | १ | १० | |
| ५. | सिर्जनात्मक/ मूल्याङ्कनात्मक | छन्द वा मुक्त छन्दमा निर्धारित पद्यपाठको समान्तर सिर्जना (कविता वा गीत गजल वा काव्यांश/प्रबन्धात्मक) वा मुक्तक आदि/समस्यापूर्ति/साहित्येतिहासका कुनै धारा, उपधारा वा चरणका प्रवृत्ति र उपलब्धिको स्वतन्त्र मूल्याङ्कन/नेपाली भाषाका कुनै पक्षको सैद्धान्तिक मूल्याङ्कन/समालोचनाका कुनै पद्धतिको प्रायोगिक पक्ष | १ | १० | प्रश्नहरूको स्तर<br>१. संज्ञानात्मक (अत्यन्तसरल)- ४०%<br>२. बोधात्मक र प्रयोगात्मक (केही कठिन) - ३०%<br>३. उच्च क्षमता अपेक्षात्मक (अत्यन्त जटिल) - ३०%<br>- १००% |

**आन्तरिक मूल्याङ्कन योजना**

१) परियोजना कार्य, (२) पुस्तक पर्यावलोकन वा समीक्षा, (३) गृहकार्य, (४) लघु शोधकार्य, (५) सिद्धान्तको प्रयोग र प्रस्तुति ।